पन्ध्रौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष **श्री सिता थापाद्वारा** प्रस्तुत

# आँधीखोला गाउँपालिकाको

# आर्थिक वर्ष २०८१/०८२ को बजेट मन्तव्य

*आँधीखोला गाउँपालिका*

*गाउँकार्यपालिकाको कार्यालय*

*कृषि, स्याङ्जा*

**मितिः २०८१ असार ९ गते**

***"कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधारः सेवा, विकास, सुशासन र सम्वृद्धि हाम्रो कार्यभार"***

# *आँधीखोला गाउँपालिकाको पन्ध्रौं गाउँसभा*
# *आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रमको मन्तव्य*

**यस गरिमामय पन्ध्रौं गाँउ सभाका सभाध्यक्ष महोदय,**

सभा सचिवज्यू, सभा सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, सम्पूर्ण आँधीखोला बासी आदरणिय बुवा आमा, दाजुभाई तथा दिदीबहिनीहरू, पत्रकार मित्रहरु साथै प्रत्यक्ष प्रसारण मार्फत, यस आँधीखोला गाँउपालिकाको आर्थिक वर्ष २०८१/०८२ प्रस्तावित आय व्यय विवरण सुनिरहनु र हेरिरहनु भएका सम्पूर्ण आदरणिय महानुभावहरु !!

नेपाली जनताको आम सहभागिता, उच्च वलिदान, ऐतिहासिक संयुक्त जन आन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान, २०७२ ले स्थापित गरेको तीन तहको सरकार मध्ये संघीय र प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्ययम सहित वार्षिक आय व्यय विवरण प्रस्तुत गरिसकेको सन्दर्भमा, आँधीखोला पालिकाको आ.व. २०८१/०८२ को लागी प्रस्तावित नीति तथा कार्यक्रम संवैधानिक प्रावधान बमोजिम सम्मानित सभा अध्यक्ष ज्यू मार्फत सभामा पेश भै सर्वसम्मत पारित समेत भै सकेको छ। संवैधानीक प्रावधान बमोजिम सम्मानित पन्ध्रौं सभाको प्रथम बैठकबाट पारित नीति तथा कार्यक्रममा आधारित यस सम्मानित पन्ध्रौं सभाको दोश्रो बैठक समिक्षा आर्थिक वर्ष २०८१/०८२ को लागि अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न उपस्थित भएको छु।

सर्वप्रथमः

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको स्थापनाको लागि नेपाली जनताबाट भएका पटक पटकका जनआन्दोलन र शान्तीपूर्ण जनक्रान्तिका क्रममा शाहृदात प्राप्त गर्नुहुने महान शाहिदहरु प्रति भावपूर्ण श्रद्रान्जली अर्पण गर्दै उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु । पटक पटकका आन्दोलनमा घाइते हुनुभएका अथक योद्धाको पूर्ण स्वास्थ्य लाभको कामना गर्दै, यो परिवर्तनका संवाहक सम्पूर्ण जन समूदायप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान २०७२ ले अंगिकार गरेको प्रावधानलाई कार्यान्वयन गर्दै संघीय लोकतान्त्रीक गणतन्त्र नेपाललाई संस्थागत गर्ने कममा दोश्रो कार्यकालको लागी २०७९ मा सम्पन्न आँधीखोला स्थानीय सरकाको कार्यकाल दुई बर्ष पुरा गरी तेस्रो वर्षको प्रवेश विन्दुमा रहेका छौं ।आँधीखोला गाउ सरकारको पन्ध्रौं सभाको प्रथम बैठकबाट पारित नीति तथा कार्यक्रम लाई आम समूदायले महशुष र प्रत्याभूति गर्न सक्ने गरि सोही निति तथा कार्यक्रम आधारित भै, आँधीखोलावासी आम समुदायको प्रगति र सम्वृद्धिको रेखांकन गर्न यस सम्मानित सभा समक्ष हामी उपस्थित छौ। आम समुदायको भावना, मूलुकको सार्वभौमिकता, राष्ट्रीयता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता स्वभिमान एवम दिगो शान्ति, स्थायित्व विकास, सम्वृद्धि, सामाजिक न्याय र समावेशीताको मूल्य मान्यतालाई आत्मसाथ गर्दै सबै प्रति उच्च सम्मान प्रकट गर्दछु ।

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको प्रचलित कानुनको दायरामा रहि पन्ध्रौं सभाको प्रथम बैठकबाट पारित नीति तथा कार्यक्रमको जगमा उभिएर समाजका प्रवृद्ध व्यक्तिहरु, समाजसेवी, राजनितिक दल,सामाजिक व्यक्तिहरू सरकारी तथा गैर सरकारी सङ्घ संस्था शिक्षक, कर्मचारी, पत्रकार, यूवा, महिला, जनजाति उत्पीडित समूदाय समेतबाट प्रत्यक्ष भेटघाट अन्तरक्रिया साथै सामाजिक संजाल फेसबुक, भाईबर, म्यासेन्जर इमेल जस्ता माध्यमबाट प्राप्त सुझावलाई समेत आत्मसाथ गर्दै यो आ.व २०८१/ ८२ को लागि प्रस्तावित बजेट समावेशीताको सिद्वान्त र पालिकाको सामर्थयतामा आधीरत भई तयार गरिएको ब्यहोरा अवगत गराउदछु।

यस सम्मानित सभाका सभाध्यक्ष महोदय, सभा सचिवज्यू, सभा सदस्य ज्यू, कर्मचारी, पत्रकार तथा आदरणिय महानुभावहरु, कमजोर अर्थतन्त्र, बढ्दो महङ्गी र पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण शिथिल भएको अर्थतन्त्रलाई पुनरुत्थान, जनस्वास्थ्यको रक्षा र जनजिविकाका सबाललाई सुचारु बनाउने गहन जिम्मेवारी हाम्रो काँधमा रहेको छ । सीमित साधन, स्रोत र बजेटको परिधिभित्रबाट असीमित ईच्छा, आकाङ्क्षा र योजनाहरूलाई समेट्दै दिगो, प्रभावकारी र किफायती योजना कार्यान्वयन मार्फत आम आँधीखोलावासी समुदायलाई सार्थक समृद्धिको प्रत्याभूति दिन हामी प्रतिबद्ध छौं।

आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट तर्जुमा गर्दा गाउँपालिकाको विकासको आवश्यकता, दीर्घकालिन विकासका लक्ष्य, संबिधानको अनुसूचीमा स्थानीय तहलाई प्राप्त अधिकारहरुको सीमारेखा भित्र रही सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप आँधिखोला गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, पन्ध्रौं योजना, आँधीखोला गाउँपालिकाको आवधिक दोस्रो योजना, राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन, विषयगत समितिहरुको बैठक, राजनीतिक दल, बिघत बर्ग, नागरिक समाज, आम नागरिक, निजी क्षेत्र लगायत अन्य सरोकारवालाहरु संग प्रत्यक्ष अप्रत्यक्ष छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावहरुलाई आधार लिएको पनि स्मरण गर्न चाहन्छु।

नेपालको संबिधानको धारा २३० को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ को प्राबधान बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले पन्ध्रौं गाँउसभाको दोस्रो पूर्ण बैठकमा आर्थिक वर्ष २०८१/०८२ को राजश्व-ब्यय(बजेट) को अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।प्रस्तुत बजेटलाई आयातबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरता तर्फ र बञ्चितिकरणबाट समावेशिता तर्फको प्रस्थान बिन्दुको बजेटको रूपमा प्रस्तुत गरेको छु।

स्थानीय स्रोत र साधनको उच्चतम उपयोग गर्दै गाउँपालिकाको चौतर्फी विकासका लागि गाउँ सभाद्वारा स्वीकृत आ. व. २०८१।०८२ को नीति तथा कार्यकमको साथै गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको आर्थिक वर्ष २०८१।०८२ मा अवलम्बन गरिने बजेट तथा कार्यक्रमको आधारमा यो बजेट तय गर्दा संघीय एवं प्रदेश सरकारबाट प्राप्त गरेका एवं गर्ने वित्तीय समानीकरण, सशर्त अनुदान, राजस्व बाडफाड एवं आन्तरिक स्रोत समेतलाई मुख्य आधार बनाइएको छ।

जनताले आफ्ना आवश्यकताहरूलाई सम्बोधन गर्ने योजनाहरू आफ्नै सहभागितामा छनौट गर्न सकुन् भन्ने उद्देश्यले बस्ति तथा टोल स्तरबाट भेला छलफल गरी योजना संकलन गर्दै जन आकांक्षा समेट्दै जनप्रतिनिधिहरूको विकासको चाहना पुरा गर्न मौजुदा कानुनी व्यवस्थाको परिधिमा रही विभिन्न चरणहरू पार गर्दै जनभावना, लक्षित वर्ग, हिसांपिडित, द्वन्दपिडित विपद पिडित,सामाजिक पीडितहरूका भाबनाहरूलाई प्राथमिकताका साथ अग्रपङ्क्तिमा राखी सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरूप प्रस्तुत बजेट तथा कार्यक्रमहरू तयार पारिएको छ ।

***सभाध्यक्ष ज्यू,***

सर्वप्रथम म गत आ.व. २०७९/०८० को आम्दानी र खर्चको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु ।

***आम्दानी तर्फ***

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान ३९ करोड ५६ लाख २५ हजार ६ सय ९७, राजश्व बाडफाडँ तर्फ ५ करोड ५६ लाख २७ हजार १२, गत आ.व. को जिम्मेबारी सहित आन्तरिक आय लगायत अन्य विविध क्षेत्रको आन्दानी ; १२ करोड ४९ लाख ३७ हजार १ सय ५७ र जनसहभागिता लगायतको रू ५ करोड १८ लाख ६ हजार ४४ गरी जम्मा कुल आयः **६२ करोड ७९ लाख ९५ हजार ९ सय १० रूपैयाँ** हुन गएको देखिन्छ।

*व्यय तर्फः*

चालु खर्च तर्फः ३३ करोड ६७ लाख ३५ हजार ४ सय ७१, पूँजीगत खर्च तर्फः २२ करोड १८ लाख ९६ हजार ३ सय २० गरी कुल जम्मा **कुल खर्चः ५५ करोड ८६ लाख ३१ हजार ७ सय ९१** खर्च हुन गई बाँकी रकम अ.ल्या. भइ जिम्मेवारी हस्तान्तरण भई आएको देखिन्छ।

***अब म चालू आ.व. २०८०।०८१ को प्रस्तावित एवं संसोधित आयव्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।***

चालू आ. व २०८०।०८१ को सम्पूर्ण कारोबार सकिन अझै केही समय बाँकी रहेकोले शंसोधीत आय व्यय अनुमान तथा जेठ मसान्त सम्मको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु ।

*चालू आ.व. २०८०/०८१ को प्रस्तावित एवं संसोधित आय अनुमानः*

आर्थिक वर्ष २०७९/०८० को नगद मौज्दात, आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व बाँडफाँड समेत गरी जम्मा रू ९५ लाख, नगद सहभागितामा ७० लाख हुने अनुमान गरिएको थियो। त्यस्तै संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू ८ करोड ३८ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रू ६ करोड ८५ लाख ४९ हजार, सशर्त अनुदान चालू तर्फ रू २१ करोड १९ लाख, सशर्त अनुदान पूँजीगत तर्फ रू ३ करोड ५० लाख, संघीय सरकार समपूरक अनुदान पूँजीगत रू १ करोड ६५ लाख, संघीय सरकार विशेष अनुदान रू १ करोड १५ लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान १ करोड १ लाख २० हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रू ४३ लाख ७३ हजार, प्रदेश समपूरक अनुदानबाट रू ६० लाख, प्रदेश सरकार शसर्त अनुदान पूँजीगत ५० लाख, सडक बोर्ड २५ लाख, पर्यटन बोर्ड २७ लाख गरी **कुल ६१ करोड ८१ लाख ५२ हजार ७ सय** हुने अनुमान गरेकोमा,

संसोधित आय तर्फः

यस आ.व. २०८०/०८१ मा जिम्मेवारी हस्तान्तरण भई आएको अ.ल्या. रकम, **आन्तरिक आयतर्फ** कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व बाँडफाँड समेत गरी जम्मा रू ९५ लाख, नगद सहभागितामा पुँजीगत तर्फ रू १५ लाख ६० हजार हुने त्यस्तै, संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान बापत रू ८ करोड ३८ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रू ६ करोड ८५ लाख ३९ हजार ७ सय, सशर्त अनुदान तर्फ रू ३१ करोड ८५ लाख ४ हजार १ सय ८०, संघीय सरकार समपूरक अनुदान रू १ करोड ५० लाख, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रू ३९ लाख ९ हजार ४ चसय ३, प्रदेश समपूरक अनुदानबाट रू ६० लाख ,प्रदेश सरकार विशेष अनुदान ४० लाख गरी कुल **रू. ५२ करोड ७१ लाख ५२ हजार ७ सय** संसोधित आय अनुमान प्रस्तुत गर्दछु।

*हालसम्म प्रस्तावित आय अनुमानका विभिन्न शिर्षकहरूबाट रू. ३८ करोड ८७ लाख ६४ हजार ८ सय ९७ वास्तविक आम्दानी हुन गएकोमा खर्च तर्फ चालू शिर्षकमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च र आर्थिक सामाजिक सांस्कृतिक शैक्षिक सामाजिक न्याय तथा समावेशिकरण र सुशासन तर्फ (सशर्त समेत) को कुल बजेट मध्ये हाल सम्मको खर्च रू २४ करोड १६ लाख ६९ हजार ६ सय ९३ (७०.७७ प्रतिशत) र पूँजीगत तर्फ ९ करोड ६४ लाख ४ हजार ३ सय २२ ( ५१.९१ प्रतिशत ) रहेको छ ।*

*नेपाल सरकारले लिएको नीति र तोकेको दरमा गत विगत वर्षदेखि नै दिँदै आएको सामाजिक सुरक्षा तर्फ शंसोधित आय अनुमान रू १२ करोड ४४ लाख ८७ हजार रहेको छ ।*

चालू आ.व मा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदान तर्फको अन्तिम किस्ता बापतको ५० प्रतिशत रकम हालसम्म नआएको र राजश्व बाँडफाँड तर्फको संघीय सरकारवाट निर्धारण गरी पठाएको सीमा भन्दा कम रकम प्राप्त भई गाउँपालिकामा आ.व २०८१।०८२ मा थप दायित्व सृजना हुने देखिएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

उल्लेखित खर्चवाट चालू आ.व मा हालसम्म प्राप्त प्रमुख उपलब्धिहरूलाई देहाय बमोजिम प्रस्तुत गरेको छु।

- चालु आर्थिक वर्षका लागि स्वीकृत आयोजनाहरुको हालसम्म ८८.१७% भौतिक र ५४.२६% वित्तिय प्रगति भएको र आर्थिक वर्षको मसान्त अगावै लक्ष्य बमोजिमका आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुने चरणमा रहेका ।
- पालिकालाई आन्तरिक सक्षमता अभिबृद्धिका लागि आर्थिक ऐनले दिएको अधिकार प्रयोग गरी राजश्व सम्बन्धी नीति पुर्णरुपमा कार्यान्वयन भई राजश्व संकलन जेठ मसान्तको अन्तसम्म लक्ष्यको शतप्रतिशत संकलन भएको ।
- ग्रामिण सडक यातायात गुरु योजनामा प्राथमिकता तय भए अनुसार पालिका अन्तरगतका महत्वपुर्ण सडकहरुको स्तरोन्नति र नयाँ ट्र्याक एवं लिंक रोडहरु जोड्ने क्रममा भौतिक पूर्वाधारतर्फको लगानीबाट कालोपत्रे सडक तर्फ यस वर्ष १ किमि थप भई ९.७ कि. मि, ढलान सडक ०.६ कि.मी थप गरी २.३ कि मि, ग्राभेल सडक तर्फ थप १.५ कि. मि. भई १५.९ कि मि, नयाँ ट्र्याक ०.६ कि.मी. थप भई १८.७० कि. मि, निर्माण सम्पन्न भएको ।
- स्थानीय तह वित्तिय जोखिम मूल्यांकनमा उत्कृष्ट अंकका साथ स्याङ्गजा जिल्लामा मै दोस्रो स्थान हासिल गरेको ।
- विकास निर्माण, सुशासन, सेवा प्रवाह र सार्वजनिक उत्तरदायित्व लगायतका समग्र क्षेत्रहरुमा तोकिएका मापदण्डहरुको सुचकहरुका आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष बालान्नद पौडेलको समुपस्थितिमा जनप्रतिनिधि ,कर्मचारी र सामाजिक अगुवाको समुपस्थितिमा असलअभ्यास सम्बन्धी मार्गदर्शन अनुशिक्षण कार्यक्रम गरिएको ।
- आँधीखोला गाँउपालिका वडा नं २ स्थायी निवासी शसस्त्र प्रहरी निरिक्षक श्री सुरज पौडेलको अगुवाईमा आँधिखोला गाँउपालिकाको प्रतिक चिन्ह लोगो विश्वको सर्वोच्च शिखर सगरमाथामा पुराईएको ।
- महालेखा परिक्षकको कार्यालयको बार्षिक प्रतिबेदन अनुसार बेरुजु फछ्यौट सम्बन्धी कार्यमा रचनात्मक उपलब्धी हासिल भई गण्डकी प्रदेशमा चौथो स्थान प्राप्त गर्न सफल भएको ।

- ग्रामिण सडक यातायात गुरु योजनामा प्राथमिकताको पहिलो नम्बरमा रहेको आँधीखोला रिङ्गरोड बिस्तृत परियोजना प्रतिवेदन DPR स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि बढाईएको ।
- पालिकाको बृहतर विकासका लागि दिगो विकासका लक्ष्य प्रासिका हेतुले दोस्रो आवधिक पञ्चबर्षीय योजना निर्माणको अन्तिम चरणमा रहेको र मध्यकालिन खर्च संरचना ग्रामिण सडक गुरुयोजना,बिपद प्रतिकार्य ब्यबस्थापन योजना र म्हाजु भन्ज्याङ्ग गोरुजुरे डहरेको विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनको चरणमा रहेको ।
- नेपाल पर्यटन बोर्ड र गाउँपालिकाको संयुक्त साझेदारीमा पहिलो पर्यटकीय गाउँ सिरुवारीको प्रवेश बिन्दुको रुपमा रहेको प्रमुख पर्यटकीय स्थल म्हाजू भन्ज्याङ्ग पार्क तथा पैदल मार्ग निर्माण परियोजना सम्पन्न गरिएको ।
- वडा कार्यालय अन्तरगतको सेवा प्रवाहलाई व्यवस्थित तुल्याउनका लागि वडा नं ६ फापरथुमको कार्यालय परिसरका संरचनाका निर्माणका कामहरु सम्पन्न गरी सेवाग्राही मैत्री संरचनाबाट सेवा प्रवाह भईरहेको ।
- पालिकाको वडा नं ४ बाङ्गसिङ जोड्ने महत्वपुर्ण आयोजनाको रुपमा रहेको सेपत-भर्स्याङ-देउराली पञ्चासे ग्रामिण सडकको निर्माण कार्य करिब ८५ प्रतिशत कार्य सम्पन्न भई निर्माण अन्तिम चरणको अवस्थामा रहेको ।
- संघीय सरकारको बिशेष अनुदानमा दत्तेलोटे त्रिवेणी दलित बस्ती लिफ्टिङ खानेपानी आयोजना सम्पन्न भएको र हस्तान्तरण भई खानेपानीको सेवा सुचारु गरिएको ।
- जरेखोला भण्डार थुम्का मडुवा सडक र गाबाटे नाच्नेडाडा सडक स्तरोन्नतिको काम सम्पन्न भएको।
- भवन निर्माण तर्फ विभिन्न सामुदायिक भबन ५ बटा, सार्बजनिक सौचालय २ वटा सम्पन्न भएका छन भने झोलुङ्गेपुल तर्फ ५ वटा झोलुङ्गे पुलको डी पी आर तयार भई २ वटा पुलको फेब्रिकेशन पार्टसको ठेक्का आव्हान भएको ।
- जुग्ले गोगनपानी बागे पञ्चासे सडक स्तरोन्नतिको काम ठेक्का सम्झौता भई कार्यान्वयनको प्रकृया अगाडि बढाईकोमा हाल सम्म ६५ प्रतिशत निर्माण कार्य सम्पन्न गरिएको ।
- सडक बोर्ड नेपाल अन्तरगत वडा नं ३ मा रहेको फूलवारी-पुवाडाँडा-महन्चेस-माझकटेरा सडक स्तरोन्नतीको काम सम्पन्न भएको ।
- गण्डकी प्रदेश सरकारको समपुरक र शसर्त अनुदान अन्तरगत पालिकाको सहलगानीमा टिकाजा देउराली बगालेखोला सम्दीखोला र सेतीदोभान जनप्रिय भाटखोला सडक निर्माणको काम सम्पन्न भएको ।

- ❖ एक घर एक धारा कार्यक्रम अन्तर्गत जनताको जीवनसँग जोडिएको शुद्ध आधारभूत खानेपानी सुविधाको लागि  चालु आ.ब मा ४ वटा रिजर्वभ्वायर ट्याङ्की ८ ईन्टेक सहित ४७ वटा धारा पाईपलाईन ४.१ कि.मी बिस्तार भई जनतामा आधारभुत खानेपानी सुविधा पुगेको।
- ❖ प्रदेश सरकारको समन्वयमा स्यानी वराये असिमुरे सातबेसी सिचाई आयोजना सम्पन्न गरिएको छ ।
- ❖ कृषि उत्पादन बढोत्तरी गर्नका लागि सञ्चालन गरेका ठुला, मझौला, साना सिचाई कुलो निर्माण र मर्मत कार्यक्रम अन्तर्गत कुल ०.५ किलोमिटर नयाँ निर्माण र १.२ कि.मी सिचाई पाईपलाईन बिस्तार गरी करीब थप २१० रोपनी जमिनमा सिचाई सुविधा पुगेको।
- ❖ नियमित कार्यको रुपमा बर्षायामको अन्त्यसँगै जनताको आवातजावातमा सहजताको लागि गाउँपालिका भित्रको सडक सञ्जाल भित्र नियमित सडक सञ्चालनका लागि ग्रामिण सडक मर्मत सम्भार कार्य गरी आवागमन सहज तुल्याईएको।
- ❖ शैक्षिक पुर्वाधार निर्माण तर्फ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत जनप्रदिप मा.वि. त्रिशहिद मा.वि.,जनप्रदीप मा.वि. र प्रद्युम्न पनेरु मा. वि.मा छुट्टाछुट्टै छात्र/छात्रावास भवनहरुको निर्माण कार्य भईरहेको   ।
- ❖ सामूदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि तथा सुदृढीकरणका सिलसिलामा अध्यक्षसंग शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १२ वटा विद्यालयमा साक्षरता कार्यक्रम (प्रारम्भिक तह पठन सिप विकास कार्यक्रम) तथा पुस्तकालय व्यवस्थापन कक्षा १ मा पुरा गरी चालु आ.व.मा कक्षा २ मा शुरु गरिएको, कक्षा १ देखि ५ सम्मको विद्यार्थिहरुको लागि अग्रेजी माध्यमका पाठ्यपुस्तक निशुल्क वितरण, कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम हाम्रो आँधीखोला लागु गरी कक्षा १ देखि कक्षा ५ सम्मको पाठ्यपुस्तक खाका तयार भई छपाई लग्ने तयारी, विपदको बेलामा क्षतिको आपूरण गर्न न्यून स्तर भएका विद्यार्थीको स्तरउन्नति कार्यक्रम Real Plan सम्पन्न, पालिका स्थापना दिवसमा मा वि स्तरीय बक्तृत्वकला प्रतियोगिता सम्पन्न, विद्यालयहरुको सघन अनुगमन लगायतका विविध कार्यक्रमहरु  कार्यान्वयनमा ल्याईएको ।
- ❖ परम्परागत तथा धार्मिक विद्यालयको रुपमा सञ्चालनमा रहेको गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालयको लागि पुर्वाधार निर्माण तथा सञ्चालन र व्यवस्थापनमा विभिन्न  अनुदान सहयोग उपलब्ध गराइएको ।
- ❖ गाउँपालिका भित्रका विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण अन्तर्गत माध्यमिक विद्यालयको लागि ३ वटा ICT तथा पुस्तकालय सञ्चालन तथा व्यवस्थापन र २ वटा विज्ञान प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको ।

- सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरुको स्वास्थ्यमा सुधार तथा विद्यालयमा अनुपस्थित हुने दरमा कमी ल्याउन पालिका अन्तरगतका कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरूको लागि निःशुल्क स्यानिटरी प्याडको ब्यवस्था गरिएको ।
- एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली IEMIS प्रणालीको प्रयोग गरी आधारभूत तह कक्षा ५ र ८ को परीक्षा संचालन तथा व्यवस्थापन गरिएको ।
- पालिका अन्तरगत नमूना विद्यालयको रुपमा रहेको त्रिशहीद नमूना माध्यामिक विद्यालयको स्वीकृत गुरुयोजना अनुसार विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षको सुधार एवं विद्यालयमा छात्रावास निर्माण लगायतका कार्यहरु गरिएको ।
- खेलकुदको विकासको लागि पालिका अन्तरगतका विद्यालयहरुको राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, साथै पालिका अन्तरगतका विभिन्न क्लब तथा संघ संस्था मार्फत संचालित खेलकुद कार्यक्रमहरुको लागि आर्थिक सहयोग लगायतका कार्यक्रमहरु संचालन गरिएको ।
- कृषकको आयआर्जन वृद्धि र व्यवसायिकरणमा जोड दिने उदेश्यले साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम अन्तर्गत दत्तेलोटे त्रिवेणि आलु पकेट र देउरालि आलु पकेट क्षेत्रमा ८ टन बर्षे आलुको बीउ सामुहिक रुपमा वितरण गरिएको ।
- कृषि उत्पादन र माटोको उर्वराशक्ति बढाई बालिलाई रोग किराबाट बचाउनको लागि माटो शिविर सम्पन्न गरिएको र सो कार्यक्रमबाट प्रत्यक्ष रुपमा ५०४ जना कृषक लाभान्वित भएका ।
- कृषकको मागमा आधारित अनुदान कार्यक्रम अन्तर्गत ६०० के.जि गहुँको बीउ वितरण गरिएको। जसबाट कृषकलाई गहु खेतितर्फ आकर्षण गर्न सकिएको ।
- नेपालको राष्ट्रिय फल सुन्तला भएको र यस पालिकाको माटो सुहाउदो भुगोलमा सुन्तलाको उत्पादन र उत्पादकत्व वृद्धिको लागि सुन्तालाका १०,९५२ विरुवाहरु र सुन्तलालाई चाहिने मागमा आधारित सामाग्रीहरु पनि ५०% अनुदानमा वितरण गरिएको।
- कृषकको उत्पादनको संरक्षणको लागि गाउँपालिकामा १० मेट्रिक टन क्षमताको कोल्ड स्टोर स्थापना गरी करीब ७ मेट्रिक टन सुन्तला भण्डारण गरिएको र हाल ६ मेट्रिक टन आलु भण्डारणमा रहेको ।
- किसान परिचयपत्रको आधारमा कृषि क्षेत्रमा प्रदान गरीने सेवा र सहुलियतसँग आवद्ध गर्ने हेतुले वडा नं ४ र ६ मा किसान सूचिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- रैथाने खाद्यान्न वालीहरुको उत्पादन अभिबृद्धिका लागि विउ,मल उपलब्ध गराउनुका साथै पञ्चमुलमा रैथाने कोदो वाली कार्यक्रम संचालन गरिएको।
- दूधमा आत्मनिर्भर बनाउन कृषकको सँगको साझेदारीमा गाई/भैंसी पकेट विकास कार्यक्रम अन्तर्गत गाई/भैसी पालन पुर्नताजगि तालिम, निःशुल्क पशु स्वास्थ्य शिविर तथा औषधी वितरण जस्ता कार्यक्रम संचालन गरी सम्पन्न गरिएको ।

- ❖ पशुपंक्षीहरुको यथार्थ लगत संकलन गरी वास्तविक कृषक पहिचान र आवश्यक नीतिगत व्यवस्थाका लागि कृषि तथा पशुपंक्षी तथ्याङक अद्यावधिक गर्दै पशुपंक्षी विवरण तयार गरिएको ।
- ❖ कृषकहरुको घर दैलोमा पुगि कृतिम गर्भादान, नियमित उपचार तथा परामर्श सेवा अन्तगर्त जम्मा १९१६ जना कृषक लाभान्वित भएको ।
- ❖ पशुहरुमा लाग्ने सरुवा माहामारीजन्य रोगविरुद्ध खोप संचालन गरी पशुका बिभिन्न प्रजातिमा कुल ९४८० डोज खोप लगाई पशुहरुमा पुर्ण खोप कार्यक्रम सम्पन्न गरिएको ।
- ❖ पशुपंक्षीमा लाग्ने विभिन्न रोग पहिचान गर्नको लागि कार्यालय परिसरमा ल्याव निर्माण गरी सेवा प्रारम्भ गरिएको ।
- ❖ कृषकहरुको सहलगानिमा भकारो सुधार कार्यक्रम र जै घाँसको विउँ वितरण कार्यक्रम सम्पन्न गरिएको
- ❖ सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित तुल्याउनका लागि विभिन्न सूचना प्रविधि र सफ्टवेयरको प्रयोग गरी सहज र सरल तुल्याईएको, जनताको घर दैलोमा सेवा प्रवाह पुर्याउनको लागि विभिन्न घुम्ती शिबिर मार्फत सेवा प्रबाह, उपचारात्मक प्रकृतिका स्वास्थ्य शिविर, नागरिक प्रतिको उत्तरदायित्व प्रबर्द्धनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायतका कार्यक्रमहरु संचालन गरिएको, जनप्रतिनिधी, कर्मचारी, उपभोक्ता समिति, टोल विकास सस्थाका पदाधिकारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको।
- ❖ स्वास्थ्य तथा सामाजिक कार्यमा सहयोग पुर्याउने महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरुको उच्च मनोवल राखी कार्यसम्पादन गर्न बार्षिक १२००० हजार उपलब्ध गराइएको छ ।
- ❖ गाउँपालिका अन्तर्गत ३६ वटा श्रवण कुमार जेष्ठ नागरिक गाउँघर स्वास्थ्य केन्द्र बाट प्रत्येक महिना ७० बर्ष माथिका नागरिकहरु जो स्वास्थ्य संस्थामा गइ स्वास्थ्य सेवा लिन नसक्ने जेष्ठ नागरिकहरुलाइ आवस्यक आधारभुत स्वास्थ्य सेवा घर घर वा सेवा केन्द्रवाट आवश्यक आधारभुत स्वास्थ्य सेवा निरन्तर संचालन गरिएको ।
- ❖ गाउँपालिकाबाट नवनिर्मित वाङसिङ स्वास्थ्य चौकीको भवन उदघाटन गरी सेवा प्रारम्भ गरिएको छ।
- ❖ विगत वर्ष झै यस वर्ष पनि गाउँपालिका पुर्ण खोप दिगोपना प्रमाणिकरणको लागि ५ वर्ष मुनिका बालबालिकाहरुको खोपको अवस्था पहिचानका लागि घरधुरी सर्वेक्षण गरी गाउँपालिका पूर्ण खोप सुनिश्चितता दिगोपना गर्न प्रमाणिकरण कार्यक्रम सम्पन्न भएको छ। साथै राष्ट्रिय खोप अभियान र नियमित खोप अन्तर्गतका सबै कार्यक्रमहरु सफलतापूर्बक सम्पन्न गरिएको छ ।
- ❖ गाउँपालिका र नेलम्वो नेपाल (विपन्न समुदाय र जौविक विविद्यता सहयोगी संस्था) को समन्वयमा आँधीखोला गाउँपालिकाको कार्यालयमा निःशुल्क दन्त शिविर तथा सचेतना कार्यक्रम अन्तर्गत कुल जम्मा ६२४ जना दन्त सेवाग्राहीलाई दन्त परिक्षण, दाँतको एक्सरे, दाँत भर्ने, दाँत निकाल्ने,

दाँतको जरै देखी उपचार, गिजाको उपचार र औषधी वितरण कार्यक्रम सम्पन्न गरिएको। साथै यसै वर्ष ३ दिने वृहत स्वास्थ्य शिविर कार्यक्रम समेत सञ्चालन गरी वृद्ध वुवाआमाको स्वास्थ्यउपचारमा टेवा पुराईएको ।

- ❖ आँधीखोला गाँउपालिका र नेलम्बो नेपाल तथा आँधीखोला गाउँपालिका र फापरथुम सम्पर्क समाजको समन्वयमा आँधीखोला आधारभुत अस्पतालमा विभिन्न मितिमा बृहत स्वास्थ्य शिविर सञ्चालन गरिएको। जसमार्फत विशेषज्ञ डाक्टर द्धारा २०६१ जना सेवाग्राही लाभान्वित भएका।
- ❖ पञ्चमुल, चिलाउनेवास र सेतिदोभानमा निशुल्क आँखा परिक्षण तथा सचेतना कार्यक्रम सम्पन्न भएको गरिएको जसबाट ९७६ जना सेवाग्राही लाभान्वित भएका छन ।
- ❖ सुरक्षित तथा स्वच्छ खानेपानीको दैनिक पहुँचको लागि खानेपानी गुणस्तर तथा सर्भिलेन्स सम्वन्धमा जनप्रतिनिधि, टोल संयोजक, खानेपानी उपभोक्ता समितिका पदाधिकारी लगायत कर्मचारीहरुको लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- ❖ पालिकाभित्रका क्यान्सर पीडित नागरिकको लागि उपचार तथा दैनिक औषधि सेवन सहयोगार्थ ८ लाख रकमको टीका हरी लीला असाहय उपचार अक्षयकोष सञ्चालनमा ल्याईएको ।
- ❖ माध्यमिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य शिक्षा अन्तर्गत रही मुख स्वास्थ्य स्क्रिनिङ्ग साथै मासिक रुपमा विभिन्न स्वास्थ्य समस्याहरुको विषयमा कक्षा संचालन गरिएको छ।
- ❖ बैदेशिक रोजगारीलाई सुरक्षित र भरपर्दो बनाउनका लागि सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी सन्देशमुलक जानकारीहरु रिटनी स्वयंसेवक मार्फत घरघरमा पुराई १८८४ जना ब्यात्तिलाई जनचेतनाका कार्यक्रम सञ्चालन गरिएको छ भने बैदेशिक रोजगारीमा गएका र फर्की आएका परिबारको आयआर्जन,बचत बृद्धि र सुमधुर पारिबारिक सम्बन्ध स्थापनाका बित्तीय साक्षरता कक्षा र मनोसामाजिक परामर्श कक्षा सञ्चालन मार्फत १०५ जना र गत बर्षका १०३ जना गरी कुल २०८ जनालाई दिक्षित गरिएको ।
- ❖ बैदेशिक रोजगारीको कारणबाट समाजमा सृजित चुनौतीहरुका सामना गर्न प्रेरित गर्ने उद्देश्यका लागि मनोसामाजिक परामर्शकर्ताबाट सम्बन्धित ब्यक्ति पहिचान गरी बिभिन्न २० वटा बिषयको अध्ययन मार्फत परामर्श सेवा उपलब्ध गराईएको ।
- ❖ उद्यमशिलता अभिबृद्धि गर्दे समाजलाई आर्थिक रुपान्तरणमा अभिबृद्धि गराई ब्यबसायिक योजना कार्यक्रम सफल बनाउन त्रिवेणी दत्तलोटे बस्तीमा ५०% अनुदानमा बोयर जातका बाख्रा बितरण गरिएको ।
- ❖ गाँउपालिका र कोशिश नेपालको समन्वयमा मानसिक रुपमा बिक्षिप्त ३ जना ब्याक्तिलाई पुनर्स्थापना केन्द्रमा पठाईएको साथै बैदेशिक रोजगारीको सिलसिलामा बिभिन्न देशमा रहेका ६ जना र ठगीमा परेका ३ जनालाई उद्धारको काम गरिएको
- ❖ बैदेशिक रोजगारीको सिलसिलामा श्रम अबधिमा कडा रोग लागि फर्केका ३ जनालाई बिमा र राहात रकम उपलब्ध गराईएको ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार संख्या ५०४ जना ( पुरुष -२९८ र महिला- २०६) रहेको , चालु आ. व मा विनियोजित कुल ५४ लाख बजेट अन्तर्गतका विभिन्न ३६ वटा आयोजनाहरुबाट ८८ जना बेरोजगारहरूलाई ६४५५ दिनको रोजगारी दिई ३ किलो मिटर गोरेटो बाटो, २ चौतारी मर्मत र ८५३ मिटर सोलिङ कार्य सम्पन्न।
- न्यायिक ईजलास निर्माण गरिनुका साथै अभिलेख व्यवस्थापन कार्यलाई सृदृढिकरण गरी न्याय प्रशासनलाई चुस्त दुरुस्त बनाईएको ।वडा स्तरका मेलमिलाप केन्द्रको ब्यबस्थापनको काम समेत यसै बर्ष सम्पन्न गरिएको ।
- मेलमिलापकर्ता र न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुको न्यायिक सीपमा अभिवृद्धि गर्नको लागि अन्तरक्रिया,अभिमूखिकरण गराई असल अभ्यासहरुको अनुकरण र आदानप्रदान गरिएको ।साथै ४८ घण्टे मेलमिलापकर्ताको तालिम सम्पन्न गरी समाजमा मेलमिलापकर्ताको पहुँच अभिबृद्धि गरिएको ।
- २०८३ साल सम्ममा बालमैत्री गाउँपालिका घोषणा लक्ष्यका साथ बालबालिकाको बाच्न पाँउने ,संरक्षण,विकास र सहभागिताको अधिकारलाई सुनिश्चित गर्नको लागि नीतिगत,संस्थागत संरचनाहरु निर्माण गरी अनुशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- विपन्न र अपाङ्गता भएका बालबालिकाको सर्वाङ्गिण विकासको लागि बालबालिकालाई पोशाक,सहायता सामग्री ,शैक्षिक सामग्रीहरु र वितरण गरिएको ।
- नेपाल सरकारले प्रत्याभुत गरेका हक अधिकारको प्रत्याभुत गराउने उदेश्यले जेष्ठ नागरिकहरुको हक र अधिकारलाई सुनिश्चत गर्नको लागि परिचय पत्र वितरण कार्यलाई सरल र सहज बनाउदै हालसम्म ५ जना ज्येष्ठ नागरिक परिचयपत्र र ५० वटा वर्गीकृत अपाङ्ग परिचय पत्र प्रदान गरिएको ।
- सि.वि.आर.एस. संगको सहकार्यमा अपाङ्गताको प्रकृति अनुसारका ३०० जनालाई सहायता सामग्री र परिवारहरलाई बाख्रापालन,कुखुरापालन र तरकारी खेतीमा सहयोग गरिएको ।
- सामाजिक सुरक्षा र व्यक्तिगत घटनाको प्रचारप्रसार गर्नको लागि वडा अभिमूखिकरण कार्यक्रम संचालन गरिएको ।
- - सामाजिक सुरक्षा र व्यक्तिगत घटनाको कार्यलाई प्रभावकारी बनाउनको लागी आवश्यकता अनुसारका व्यानर ,ब्रोसर र एफ.एम.रेडियो मार्फत प्रचार प्रसार गरी नेपाल सरकारले सन २०२४ सम्ममा घटना घटेको ३५ दिनभित्र शत प्रतिशत घटना दर्ता गर्ने लक्ष्यलाई अबलम्वन गरिएको ।
- ब्याक्तिगत घटना दर्ता तर्फ ४०१ जन्म दर्ता,१६६ मृत्युदर्ता २१५ जोडीले विवाह दर्ता गरेको वसाईसराई आउने संख्या १२ ,जाने संख्या ६७ परिबार संख्या र ३७ सम्बन्ध विच्छेद गरी जम्मा ८९८ घटना दर्ता गरिएको ।

- ❖ बालपोषण भत्ता ,जेष्ठ नागरिक अन्य,६० वर्षमाथिका जेष्ठनागरिक,अपाङ्ग,एकल महिला र विधवा महिला गरि कुल ३२५८ जनालाई ९ करोड ३१ लाख १५ हजार ७ सय २९ रुपैया सामाजिक सुरक्षा भत्ता वापत वितरण गरिएको ।
- ❖ उद्यमशिलता विकास तालिमहरु सम्पन्न गरी सिप विकास तालिम अन्तरगत सिलाई कटाई, ढाका उद्योग तालिम कार्यक्रमहरुलाई अगाडि बढाईएको र प्रविधि हस्तान्तरण कार्यक्रमलाई अगाडि बढाई कम्बाईन मिल,सिलाई मेसिन लगायतका प्रविधिहरु हस्तान्तरण कार्यक्रमहरु सम्पन्न भएका ।
- ❖ बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत पालिका स्तरीय समितिको अभिमुखिकरण तथा पोषणमैत्री दिवा खाजा तालिम कार्यक्रमलाई अगाडि बढाईएको ।
- ❖ संघीय सरकारको स्थानीय आर्थिक बिकास (LED) नवप्रर्वद्धन कार्यक्रममा चालु आ.ब.मा स्वीकृत कार्यक्रम बमोजिम कृषि तथा पशुपालन सम्बन्धी उत्पादन र बजारीकरण कार्यक्रम लागु गरी उद्यमशिलतातर्फ लाभग्राही छनौट गरी उद्यमशिलता विकास तालिम संचालन पश्चात स्वीकृत कार्यक्रमको बजेट कटौती भई निकासा हुन नसकेकोले संचालन प्रारम्भ गरिएको कार्यक्रम पुरा गर्न नसकिएको ।
- ❖ गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम अन्तर्गत वडा नं ५ जुग्लेवजार र वडा नं २ को चिलाउनेभाटीमा सडक सुरक्षाको लागि CCTV जडान गरिएको ।
- ❖ गाँउपालिका भित्रका ऐतिहासिक,धार्मिक र प्राकृतिक रुपमा महत्वपूर्ण स्थलहरुको विवरण सहितको वृतचित्र र बुकलेट निर्माण गरिएको ।
- ❖ गाँउपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र माध्यामिक बिद्यालयमा ई-हाजिरी जडानको प्रक्रिया अन्तिम चरणमा रहेको ।
- ❖ सरकारी कार्यालयमा कागज रहित प्रणालीको बिकास गरी सेवाग्राहीलाई बिद्युतिय सरकारको प्रत्याभुति दिलाउन दर्ता, चलानी, सिफारिस र योजना अनुगमन प्रणालीको Software जडान लगायतका काम सम्पन्नताको चरणमा रहेको ।

आदरणीय सभाध्यक्ष महोदय,

अब म सर्वप्रथम आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्यहरू पेश गर्दछु :

- ❖ गाउँपालिकाको आर्थिक सामाजिक एवं पूर्वाधार विकासको सम्भावनालाई मूर्त रूप दिने,
- ❖ कृषक तथा युवा लक्षित कार्यक्रम मार्फत आय आर्जन तथा रोजगारी बृद्धि गर्ने,
- ❖ ग्रामिण क्षेत्रमा विकासका पूर्वाधारहरू तयार गरी बसाई सराई नियन्त्रण गर्दै आकर्षक केन्द्रको रूपमा विकास गर्ने,
- ❖ संघीय एवं प्रदेश सरकारले लिएका आर्थिक सामाजिक एवं मानवीय विकासका सुचकांकहरूमा उल्लेख्य बृद्धि गरी आँधीखोला गाउँपालिकावासीको जीवनस्तर अभिबृद्धि गर्ने,

- ❖ गाउँपालिका भित्र रहेका आर्थिक, सामाजिक रूपमा  पिछडिएका वर्गको उत्थान गर्दै गरिबी न्यूनीकरण मार्फत दीगो विकासको लक्ष्य प्राप्त  गर्ने,
- ❖ सुशासनलाई प्रबर्द्धन गर्दै सेवा प्रवाहलाई सहज, सरल र पारदर्शी एवं सूचना प्रविधीमैत्री तुल्याउने,
- ❖ सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,
- ❖ पर्यटकीय पुर्वाधार संरचनाहरूको विकास गर्दै रोजगारी सिर्जनाका साथ आयस्तर बढाउने,
- ❖ गाउँसभाबाट पारित नीति तथा कार्यक्रममा प्रस्तुत भएका आयोजना तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्नै,
- ❖ सामाजिक सुरक्षा कार्यक्रमलाई थप सशक्त एवं प्रभावकारी बनाउने,

उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि प्रस्तावित बजेटमा देहाय बमोजिमका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु।

- ❖ आँधीखोला गाउपालिकाको शिक्षामा गुणस्तरीयता अभिबृद्धि गरी गाउँपालिकालाई शैक्षिक केन्द्रको रूपमा विकास गर्ने,
- ❖ गुणस्तरीय स्वास्थ्य सेवाको दायरा विस्तार गर्दै आधारभूत, प्राथामिक र उपचारात्मक  स्वास्थ्य सेवा प्रदान गर्ने,
- ❖ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी आय आर्जनको प्रमुख श्रोतको रूपमा विकास गर्दै ग्रामिण अर्थतन्त्रको सबलिकरण गर्ने,
- ❖ सबै घरधुरीहरूमा आधारभूत खानेपानीको पहुँच स्थापित गर्दै स्वच्छ, सफा, खानेपानी आम नागरिकमा पुर्याउने,
- ❖ सडक संजाल विस्तार एवं पालिका भित्रका सडकहरूको स्तरउन्नति गर्दै बाह्रै महिना सडक यातायात संचालन हुने व्यवस्था मिलाउने,
- ❖ गाउँपालिकाको क्षेत्रगत रूपमा आवश्यक पूर्वाधार संरचनाहरू निर्माण गरी पूर्वाधार सेवाहरूको पहूँच स्थापित गर्ने,
- ❖ विभिन्न जातजाति, धर्म, संस्कृति, कलाको संरक्षण गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांग, आदीवासी, जनजाति, दलित पिछडिएको वर्ग लगायत आर्थिक सामाजिक रूपमा कमजोर वर्गको उत्थान गर्दै सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्ने,
- ❖ संघीयताको कार्यान्वयन, गुणस्तरीय तथा पहुँच युक्त सार्वजनिक सेवा प्रवाह, उत्तरदायी तथा पारदर्शी शासन प्रणाली सुदृढीकरण गरी आँधीखोलाबासी जनताको जीवनस्तर अभिबृद्धि गर्दै “**सम्बृद्ध नेपाल सुखी नेपाली**” को राष्ट्रिय लक्ष्य पुरा गर्ने।

*आदरणीय सभाध्यक्ष ज्यू, सभासद् ज्यू हरू एवं उपस्थित महानुभावहरू,*

***"कृषि र पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा विकास सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार"*** भन्ने मूल नाराका साथ आँधीखोला गाउँपालिकाको समृद्धिको यात्रालाई अगाडि बढाउने सोच अनुरूप पन्ध्रौं गाउँसभाबाट पारित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले पारित गरी पेश गरेको आ.व २०८१/०८२ को बजेट तथा कार्यक्रमहरूमा भएको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु।

## आय तर्फ

यो वर्ष खर्च नभई बाँकी रही जिम्मेवारी हस्तान्तरण हुने आर्थिक वर्षको मसान्त पछि नै एकिन हुने भएकोले सोही अनुसार रहने गरी रू ९ करोड ७२ लाख ५९ हजार, आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड समेत गरी जम्मा १ करोड ५ लाख, नगद सहभागितामा पुँजीगत तर्फ रू ५० लाख तथा चालू कार्यक्रमको कृषि अनुदान र अन्य कार्यक्रमको लागि ३० लाख गरी कूल ८० लाख हुने अनुमान गरिएको छ ।त्यस्तै संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू ८ करोड ३८ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रू ७ करोड २२ लाख, सशर्त अनुदान चालू तथा पूँजीगत तर्फ रू २३ करोड २४ लाख, संघीय सरकार समपूरक अनुदान रू १ करोड ५० लाख, संघीय सरकार विशेष अनुदान रू १ करोड ५० लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान १ करोड, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँड रू ४२ लाख , प्रदेश समपूरक अनुदानबाट रू ६० लाख, प्रदेश सरकार विशेष अनुदान पूँजीगत ४० लाख, सडक बोर्ड रू २५ लाख, नेपाल पर्यटन बोर्ड रू ५० लाख गरी कुल ५६ करोड ५८ लाख ५९ हजार हुने अनुमान गरिएको छ ।

नेपाल सरकारले तोकेबमोजिम विगत वर्षदेखि नै दिँदै आएको सामाजिक सुरक्षा तर्फको रकम छुट्टै सिलिङको रूपमा प्राप्त हुने र सामाजिक सुरक्षामा आवद्ध लाभग्राही वर्गमा प्रत्यक्ष खर्च हुने भएकोले यस बजेटमा समावेश गरिएको छैन।

## व्यय तर्फ

### चालू खर्च

| | |
|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च एवम् कार्यक्रम तर्फ | ७ करोड २२ लाख |
| आर्थिक, सामाजिक, सांस्कृतिक, सामाजिक, सुशासन, न्याय तथा समानता, लैङ्गिक तथा समावेशिकरण तर्फ | ३ करोड ४ लाख |

### पुँजीगत खर्च

| | |
|---|---|
| पुँजीगत खर्च तथा पूर्वाधार विकास, निर्माण | १२ करोड २९ लाख |

### सशर्त, समपूरक, विशेष (संघ र प्रदेश चालू पूँजीगत सहित)

| | |
|---|---|
| सशर्त अनुदान (हस्तान्तरित कार्यक्रम) | ३४ करोड ३ लाख ५९ हजार |

## *कृषि तथा पशुपंक्षी*

बेरोजगार समस्या न्युनिकरणका साथै कृषिको आधुनिकरण, विशिष्टीकरण र व्यवसायीकरण गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न कृषि तथा पशु क्षेत्रमा उच्च प्राथमिकताको साथ बजेट विनियोजन गरेको छु।

- "हात हातमा कृषि सामग्री गाँउ गाँउमा रोजगारीको अभियान अनुरूप" भन्ने मुल नाराका साथ निर्वाहमुखी कृषि प्रणालिबाट व्यावहारीकतातर्फ उन्मुख गराउन **कृषकलाई आधुनिक कृषि औजार तथा उपकरण प्रयोग गरी कृषिमा प्रोत्साहन र आत्मनिर्भर हुनुको साथै बजारीकरणको लागि कृषकसँग सहकार्य तथा साझेदारी** एवम् सह लगानीमा अनुदान सहितको कार्यक्रमको लागि **रू २५ लाख** बजेट विनियोजन गरिएको छ।
- कृषि तर्फका **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम** निरन्तरताका लागि **रू ५ लाख** बजेट व्यवस्था गरिएको छ।
- आँधीखोलाका कृषकले उत्पादन गरेका कृषि वस्तुको संकलनको लागि पालिकामा **संकलन केन्द्र स्थापना**को लागि **रू २ लाख** बजेट छुट्टाईएको छ साथै त्यस उत्पादनलाई बजारीकरणको लागि ५ लाख व्यवस्था गरिएको छ।

- किसानले उत्पादित कृषि वस्तु मुल्यको एकिन गरी **उत्पादनमा आधारित नगद कार्यक्रम**को लागि **रू ५ लाख** व्यवस्था गरिएको छ।
- माटोको अम्लियपन, क्षारियपन तथा विविध सुस्म तत्वहरूको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधि हस्तान्तरण गर्न साथै रोग किराको परिचय गर्ने र निवारणको लागि **कृषि ल्याब सञ्चालन**को लागि **रू ३ लाख** र प्रत्येक वडामा **माटो र बालि शिविर सञ्चालनको** लागि **रू २ लाख** विनियोजन गरिएको छ।
- कृषकले उत्पादित सुन्तला तथा आलु भण्डारणको लागि **कोल्ड स्टोर व्यवस्थापन, मर्मत तथा सञ्चालन**को लागि **रू ५ लाख** व्यवस्था गरिएको छ।
- कृषि क्षेत्रमा जग्गा बाझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गर्दै बाँझो रहेको खेतियोग्य जग्गालाई खनजोत गरी उत्पादनयोग्य बनाई हावापानी सुहाउँदो तरकारी तथा फलफुल खेति गर्ने कृषकलाई प्रात्साहन गर्दै **बाझो खेत प्रवर्द्धन कार्यक्रम** तथा भुमि बैकको स्थापनाको लागि **रू २ लाख** बजेट बिनियोजन गरिएको छ।
- एकिकृत कृषि उत्पादन गर्ने कृषक/फर्म/सहकारी/समुहलाई **बाँदर नियन्त्रण**को लागि विभिन्न कार्यक्रम सञ्चालनको लागि **रू ३ लाख** विनियोजन गरिएको छ।
- **"रैथाने बालिमा गर्व गरौं"** भन्ने नाराका साथ यस पालिकामा उत्पादन हुँदै आएको पोषणयुक्त रैथाने खाद्यान्नबालीका विउ संरक्षण गरी खेती विस्तारको लागि **रू १२ लाख** विनियोजन गरिएको छ।
- कृषि तथा पशु सेवाका **एक गाँउ एक प्राविधिक** सेवाका कर्मचारीको तलब भत्ताको लागि **रू ३ लाख ४४ हजार** विनियोजन गरिएको छ।
- कृषकको यथार्थ विवरण संकलन गरी कृषि विकास रणनीति तयार गर्नको लागि **कृषक दर्ता तथा व्यवस्थापन र कृषि सम्बन्धी तथ्यांक अध्यावधिक कार्यक्रम** लाई प्रभावकारी ढङ्गले सञ्चालन गरी कृषक प्रोफाइल तयार गर्नको लागि **रू ३ लाख ४९ हजार** बिनियोजन गरिएको छ।
- राष्ट्रिय नीतिका आधारमा **गाँजा खेतिको अध्ययन, अनुसन्धान तथा खेति प्रवर्द्धनको** लागि **रू १ लाख** बिनियोजन गरिएको छ।
- उत्पादन चक्र सुरू हुनुपूर्व नै आधारभूत कृषि उपजको उत्पादनको न्यूनतम समर्थन मुल्य तोकिनेछ एवम् व्यावसयिक **उत्पागदकसँग अग्रिम खरिद सम्झैता (Contract farming)** गर्नेको लागि **रू १ लाख** ब्यवस्था मिलाईएको छ ।
- नेपालको राष्ट्रिय फल सुन्तला घोषण भएकोमा **सुन्तलाको उत्पादन र उत्पादकत्व वृद्धिको** लागि **रू १५ लाख** विनियोजन गरिएको छ।
- "व्यवसायिक कृषि,सम्मानित पेशा" भन्ने नाराका साथ कृषिमा आधारित उधम र उधमशिलताको प्रवर्द्धन गर्ने **"कृषक पुरस्कार"** कार्यक्रम सञ्चालनको लागि **रू २ लाख** छुट्टाईएको छ।

- **मौरी उत्पादनको** लागि **रू ३ लाख** र **पुष्प व्यवसाय प्रवर्द्धन गर्न कार्यक्रमको** लागि रू **२ लाख** विनियोजन गरिएको छ।
- पालिका कार्यालयको परिसरमा रहेको **नर्सरीमा बिरूवा उत्पादन** गरी किसानलाई सुपथ मुल्यमा वितरण गर्नेको लागि **रू ३ लाख** व्यवस्थापन गरिएको छ।
- अकबरे खुर्सानी, केरा, कुरीलो, सुन्तला, कफी, अलैची, किवि, कागती लगायतका नगदे वालीको नर्सरी निर्माण, बेर्ना उत्पादन, वितरण र व्यवसायिक खेतीका लागि ७ **लाख बजेट** विनियोजन गरेको छु।
- रासायनिक मलको प्रयोगले माटोको उर्वरा शक्ति मात्रै नभएर वातावरण र स्वास्थ्यमा प्रतिकूल असर पारेको हुँदा बजेटमा प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा बढाउन तालिम र अनुदानको बजेटमा व्यवस्था गरेको छु।
- कृषकहरूले प्रत्यक्ष महशुस गर्ने गरी आवश्यकता अनुसार पशुपंक्षी उपचार तथा औषधी खरिदका लागि रू ८ लाख बजेट विनियोजन गरेको छु।
- पशुपंक्षी तथा मत्स्यपालनको समस्या समाधानको लागि पशु स्वास्थ्य शिविर संचालन गर्न रू ३ लाख बजेट विनियोजन गरेको छु।
- स्वस्थ र स्वच्छ मासु उत्पादन, उपभोग र व्यवस्थापनलाई प्रभावकारि रूपमा संञ्चालन गर्न मासु पसल सुधार तथा अनुगमन व्यवस्थापन कार्यक्रमलाई रू. १ लाख बजेट विनियोजन गरेको छु।
- कृषकद्वारा उत्पादित पशुजन्य वस्तुभाउहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गरि पशुजन्य उत्पादन तथा उप-उत्पादन लाई प्रशोधन, भण्डारण, ढुवानी, बजारीकरण तथा प्रतिफलमा आधारित अनुदान कार्यक्रमको लागि रू. १० लाख बजेट विनियोजन गरेको छु।
- पशुपंक्षी विमा सचेतना तथा सहुलियत कार्यमक्रमको लागि रू. ३ लाख बजेट विनियोजन गरेको छु।
- कृषकहरूको सहलगानीमा खोर, गोठ तथा मलखाद सुधार कार्यक्रमको लागि रू. ३ लाख बजेट विनियोजन गरेको छु।
- कृषकहरूसँगको लागत साझेदारीमा पशुपालनमा आधुनिक यान्त्रिकरणको व्यवस्थापन गर्न रू. ३ लाख बजेट विनियोजन गरेको छु।
- भौगोलिक वातावरण अनुसार उन्नत जातका भुई तथा डाले घाँसको विउ तथा वेर्ना वितरणका लागि रू ३ लाख बजेट विनियोजन गरेको छु।
- माछा पोखरी व्यवस्थापन तथा भुरा वितरण कार्यक्रममा रू.३ लाख बजेट विनियोजन गरेको छु।
- पशुपन्छी तथा मत्स्य क्षेत्रमा जैविक विविधता संरक्षण संवर्द्धन तथा उपयोग गर्दै रैथाने पशुपंक्षी संरक्षण कार्यक्रम अन्तर्गत रू ३ लाख बजेट विनियोजित गरेको छु।
- अनुशरणयोग्य कृषक सम्मान कार्यक्रम कार्यान्वनमा रू १ लाख बजेट विनियोजित गरेको छु।

- युवा कृषकलाई व्यवसायिक पशुपालन क्षेत्रमा आकर्षण गर्न मागमा आधारित तालिमका लागि रू. १ लाख बजेट विनियोजित गरेको छु।
- पशुपंक्षीसँग सम्बन्धीत राष्ट्रिय तथा अन्तराष्ट्रिय  दिवस मनाउन र कृषक लक्षित सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न रू. १ लाख बजेट विनियोजन गरेको छु।
- प्राणघातक रेबिज रोग विरूद्धको खोप सञ्चालन तथा सचेतना अभियान सञ्चालनका लागि रू. २ लाख बजेट विनियोजन गरेको छु।
- मासुमा आत्मनिर्भर बनाउन बाख्रा पकेट विकास कार्यक्रम अन्तर्गत रू १५ लाख बजेट विनियोजन गरेको छु।
- पशुपंक्षीमा लाग्ने विभिन्न सरूवा रोग, माहामारीजन्य तथा आकस्मिक रोग नियन्त्रणका लागि रू. ८० हजार बजेट विनियोजन गरेको छु।
- उन्नत जातका पशुको उत्पादन तथा विकास गर्न नश्ल सुधार कार्यक्रम (कृत्रिम गर्भाधान) को लागि रू. १ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।
- कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गरी कृषि तथा पशुपालन क्षेत्रको वास्तविक सूचना तथा तथ्याङ्क संकलन गर्ने कार्यक्रमका लागि रू १ लाख विनियोजन गरेको छु।
- वडा नं ४ अन्तर्गत कृषक प्रोत्साहन कार्यक्रमका लागि रू १ लाख विनियोजन गरेको छु।
- वडा नं ६ स्थित कृषि तथा फलफूल सिचाईका लागि रू १ लाख विनियोजन गरेको छु।

उल्लेखित कार्यक्रमहरूका साथ कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि **रू १ करोड ७४ लाख ६ हजार** बजेट विनियोजान गरेको छु।

## *उद्योग , वाणिज्य तथा व्यापार*

स्थानीय स्तरमा आवश्यक वस्तु तथा सेवाको उत्पादन गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले कृषि तथा वन पैदावारमा आधारित उद्योग, पर्यटन उद्योग, परम्परागत तथा घरेलु उद्योगको विकास र विस्तारको लागि बजेटमा व्यवस्था गरेको छु।

- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरूको बिक्री वितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ ।एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ। उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनको लागि बजेटमा व्यवस्था गरेको छ। खाद्य सुरक्षा कार्यक्रमलाई लागि रू. ३ लाख विनियोजन गरेको छु।
- वन तथा वनस्पतिजन्य बस्तुहरूको उत्पादनको लागि साना उद्योग स्थापना गर्न बजेटमा व्यवस्था गरेको छु।

- आय आर्जन र बचततर्फ उन्मुख गर्न सीप विकास कार्यक्रमको लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- समूहगत रूपमा प्रविधिको हस्तान्तरण गरी प्रविधि हस्तान्तरणबाट गाउँपालिकाको विकासका लागि **रू १ लाख ४० हजार बजेट** विनियोजन गरेको छु।

***लघु उद्यम विकास कार्यक्रमको*** लागि निम्न बमोजिमको बजेट व्यवस्था गरेको छु -

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन र उद्यमीको पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम कार्यक्रमको लागि **रू २ लाख ४० हजार** बजेट विनियोजन गरेको छु।
- तालिम पश्चात् प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्न **रू ९ लाख २० हजार** बजेट विनियोजन गरेको छु।

## *पर्यटन*

- गाउँपालिका भित्रका ऐतिहासिक ,सांस्कृतिक, धार्मिक ,पूरातात्विक र प्राकृतिक सम्पदाहरू धार्मिक स्थल, देवालय,शिवालय, गुम्बाहरूको संरक्षण, प्रवर्धन गरी पर्यटन विकास गर्न बजेट विनियोजन गरेको छ । सिरूबारी, अन्धाअन्धी, श्रवण कुमार, पन्चासे,डहरे,म्हाजु भङ्ज्याङ, जुम्ली ठान,काला भैरव कोट, चुले सिद्ध गुफा, आउरी गुफा लगायत अन्य संभाब्य क्षेत्रलाई पर्यटकिय क्षेत्रको रूपमा विकास गर्ने र सम्भावित पर्यटकिय एवं सांस्कृतिक क्षेत्रहरूको पहिचान र विकास गरी दीगो आर्थिक विकास र रोजगारीको सृजना गर्दै अगाडि बढ्नको लागि बजेटमा व्यवस्था गरेको छु। **पर्यटन प्रवर्धन तथा महोत्सव संचालनको लागि ५ लाख** बजेट विनियोजन गरेको छु।
- गाउँपालिका क्षेत्र भित्र रहेका महत्वपुर्ण पर्यटकीय स्थलहरूको पर्यटकीय पूर्वाधार विकास तथा पार्क निर्माणको लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- पर्यटन उद्योगलाई प्रोत्साहन गर्दै गाउँपालिका भित्र संचालनमा रहेका होमेस्टे प्रवर्धनको लागि एवं नयाँ ठाउँको सम्भाव्यताको लागि बजेटमा व्यवस्था गरेको छु।
- नेपालको पहिलो ग्रामीण पर्यटकीय गाउँ सिरूवारी सामुदायिक होमस्टेमा पर्यटकीय पार्क निर्माण तथा अन्य भौतिक पूर्वाधार निर्माणका लागि **रू ९० लाख** बजेट विनियोजन गरेको छु।
- गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रहरूको जगेर्ना गर्न आन्तरिक पर्यटन प्रवर्धनको लागि **रू ५ लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं १ पञ्चमुलमा सामुदायिक ब्राम्हण संग्राहलय निर्माणका कार्यका लागि रू **१८ लाख बजेट** विनियोजन गरेको छु।

## *प्रधानमन्त्री रोजगार कार्यक्रम*

- युवा रोजगारीको लागि रूपान्तरण पहल एवम् रोजगार र विपन्न श्रमिकको लागि काम कार्यक्रमको लागि रू. २७ लाख २ हजार बजेट विनियोजन गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने विकास निर्माणको कार्यको लागि रू. २० लाख २२ हजार बजेट विनियोजन गरिएको छ ।
- स्वरोजगारमा संलग्न हुने सुचिकृत लाभग्राहीलाई कार्यस्थलमा कामको सहजताको लागि सुरक्षा सामाग्री खरिद कार्यक्रमको लागि रू. २ लाख बजेट विनियोजन गरिएको छ ।
- रोजगार योग्य क्षमता विकासको लागि कार्यस्थलमा आधारित सीप क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम संचालनको लागि रू. ९ लाख विनियोजन गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसँग सम्बन्धीत अन्य कार्यक्रमसँग आवद्द गरी यथार्थ उत्पादनमुलक रोजगारी सृजना गर्न रू. ३ लाख ६० हजार बजेट विनियोजन गरिएको छ ।
- रोजगार केन्द्रलाई जनशक्ति परिचालनको लागि रू. १६ लाख ४४ हजार बजेट विनियोजन गरिएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि कुल बजेट रू. ७८ लाख २८ हजार बजेट विनियोजन गरिएको छ।

## *सुरक्षित आप्रबासन (सामी) कार्यक्रम*

- स्वदेशमै रोजगारी गरौ, वैदेशिक रोजगारीमा जान पर्ने नै भए सही सूचना र सिप सिकेर मात्र जाने ब्यबस्था गरौ भन्ने नारा लाई सार्थकता प्रदान गर्न सुरक्षित आप्रबासन (सामी) कार्यक्रमको दिगोपनका लागि अभिमुखीकरण कार्यक्रम, **वित्तीय साक्षरता** र सचेतना लगायतका कार्यक्रमका लागि **रू १० लाख ७५ हजार विनियोजन** गरेको छु।
- घरघर र टोलटोलमा वैदेशिक रोजगार सम्बन्धी जनचेतना र परामर्श सेवा कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम, मनोसामाजिक परामर्श कार्यक्रम र रिटनी स्वयंसेबकको लागि रू **१३ लाख १८ हजार** विनियोजन गरेको छु।

सुरक्षित आप्रबासन सामी कार्यक्रमको लागि **कुल २३ लाख ९३ बजेट** विनियोजन गरेको छु।

## *सामाजिक क्षेत्र*

### *स्वास्थ्य*

निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तर तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच कायम गर्न स्वास्थ्य क्षेत्रमा तपशिल बमोजिम क्षेत्रगत बाँडफाँड गरी बजेटमा समावेश गरेको छु ।

- उपचारात्मक सेवाहरू उपलब्ध गराउन आधारभूत अस्पताल संचालन तथा व्यवस्थापनको लागि **रू. ८ लाख वजेट** विनियोजन गरेको छु।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रू ५ हजार दरले उपलब्ध गराइने रकम वापत **रू. ७ लाख ५० हजार** वजेट विनियोजन गरेको छु।
- गाउँपालिकाबासी सम्पुर्ण नागरीकहरूको दुर्घटना जिवन बीमा योजनामा आबद्ध गराउन **रू. ६ लाख बजेट** बिनियोजन गरेको छु।
- आधारभूत तथा आकस्मीक स्वास्थ्य सेवाको लागि निःशुल्क औषधीजन्य सामाग्री वितरण व्यवस्थापनको लागि **रू २६ लाख ३२ हजार** बजेट विनियोजन गरेको छु ।
- श्रवणकुमार ज्येष्ठ नागरिक गाउँघर स्वास्थ्य क्लिनिक वाट सेवा निरन्तरताको लागि **रू ११ लाख** बजेट विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा सम्मानजनक बिदाइ ,महिला स्वास्थ्य स्वयंसेविका पोसाक, यातायात खर्च, दिवस र स्वास्थ्य बीमा योगदान रकमका लागि **रू १९ लाख** ४४ **हजार** बजेट विनियोजन गरेको छु ।
- गर्भवती, सुत्केरी महिला, तथा वालवालिकाहरूको पोषण सुधारको लागि संस्थागत सुत्केरी, अण्डा तथा क्याल्सियम चक्कि बितरण र ५ बर्षमुनिका बालबालिका सम्बन्धी कार्यक्रम संचालनको **रू ८ लाख बजेट विनियोजन** गरेको छु ।
- स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरूमा कार्यरत स्थायी कर्मचारीहरूको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ताका लागि **रू २ करोड ९४ लाख** बजेट विनियोजन गरेको छु ।
- नागरिक आरोग्य केन्द्र संचालन र व्यवस्थापन साथै वैकल्पिक चिकित्सा सम्बन्धी योग तथा जिवनशैलि परिवर्तन कार्यक्रम संचालनको लागि **रू. ८ लाख वजेट** विनियोजन गरेको छु।
- खोप, गाउँघर क्लिनिक तथा आमा समुह संचालनार्थ खटिने स्वास्थ्यकर्मीहरूको लागि प्रोत्साहन वापत **रू. ४ लाख वजेट** विनियोजन गरेको छु ।
- बृहत स्वास्थ्य शिविर, दन्त परिक्षण, आँखा परिक्षण तथा सचेतना शिविर संचालन गर्न **रू. १० लाख वजेट** विनियोजन गरेको छु।

- महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा बिपत व्यवस्थापनका लागि **रू. २ लाख वजेट** विनियोजन गरेको छु।
- स्वास्थ्य सूचना प्रमाणलीलाई डिजिटल स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको रूपमा संचालन गर्न **रू. ५ लाख वजेट** विनियोजन गरेको छु।
- स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप, अनुगमन तथा स्वास्थ्य संस्था सुदृधिकरण समेत ) का लगि **रू. ९ लाख १३ हजार वजेट** वनियोजन गरेको छु।
- अतिविपन्न तथा विपन्न कडा जन्य रोगीहरूको औषधी उपचार सहायताका लागि **रू. ५ लाख वजेट** विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थाहरू संचालन व्यवस्थापन, स्वास्थ्य बार्षिक प्रोफाइ प्रकाशन, एच.आइ.भी. संक्रमित व्यक्तिहरूको लागि पोषण तथा उपचार खर्च सहायता, लागु औषध दुर्व्यसन, आत्महत्या रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन, वर्थिङ्ग सेन्टरसम्म सुत्केरी गराउन वा फर्कन साथै रिफर गर्नु परेमा निशुल्क एम्वुलेन्स सेवा र विविद्य स्वास्थ्य कार्यक्रम संचालनार्थ **रू. ११ लाख ५० हजार विनियोजन** गरेको छु।
- मातृ तथा नवशिशू, खोप, पोषण, परिवार योजना सेवा, किशोरकिशोरी, प्रजनन स्वास्थ्य, क्षयरोग, नियमित तथ्याङ्क गुणस्तर लगायका स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्न **रू. ३३ लाख ८४ हजार** विनियोजन गरेको छु।
- सम्पूर्ण नागरिकहरूलाई सहुलियतमा एम्बुलेन्स सेवा उपलब्ध गराउन एम्बुलेन्सको व्यवस्थापनको लागि **रू. ८ लाख बजेट विनियोजन** गरेको छु ।

उल्लेखित बमोजिम स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि कुल **रू ४ करोड ७६ लाख ७३ हजार** बजेट विनियोजान गरेको छु ।

## *शिक्षा*

शिक्षा क्षेत्रमा सकारात्मक, गुणात्मक, नतिजामुलक र परिवर्तनको प्रत्यक्ष अनुभूति हुने गरी आगामी आ.ब २०८१/८२ लाई **शैक्षिक गुणस्तर सुदृढीकरण अभियान** वर्षको रूपमा मनाइने कार्यक्रमअनुसार शिक्षा क्षेत्रमा देहायबमोजिम पर्याप्त बजेट विनियोजन गरेको छु ।

- भौगोलिक कठिनाई तथा आवतजावतका कारण अप्ठ्यारोमा परेका विद्यार्थीलाई विद्यालयमा सहज पहुँच सुनिश्चित गर्नको लागि आवासिय विद्यालय सञ्चालन गर्ने नीति बमोजिम जनप्रदिप माध्ममिक विद्यालमा आवसिय विद्यालय निर्माणको लागि रु १ करोड र प्रद्युम्न पनेरू मा वि आवसिय विद्यालय निर्माणको लागि १ करोड २२ लाख बजेट विनियोजन गरेको छु ।

- त्रि-शहिद नमुना माध्यमिक विद्यालयमा नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत प्राविधिक धार समेतका कक्षालाई फाइदा पुग्ने गरी निर्माणधिन अवस्थामा रहेको छात्रावासलाई सम्पन्न गर्नको लागि थप रु २० लाख बजेट विनियोजन गरेको छु ।
- भौगोलिक कठिनाई तथा आवतजावतका कारण अप्ठ्यारोमा परेका विद्यार्थीलाई विद्यालयमा सहज पहुँच सुनिश्चित गर्नको लागि **सार्वजनिक निर्माण** अन्तर्गत **प्रधुम्न पनेरू माध्ममिक विद्यालमा छात्रावास सहितको विद्यालय निर्माणको लागि रू १ करोड ५० लाख बजेट** विनियोजन गरेको छु ।
- आधारभूत र माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक तथा राहत अनुदान शिक्षकका लागि तलव भत्ता र प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक लागि **रू१३ करोड ६३ लाख ७३ हजार** बजेट विनियोजन गरेको छु ।
- प्रारम्भिक वाल विकास केन्द्रका सहजर्कता तथा विद्यालय कर्मचारीलाई न्तुनतम पारिश्रमिक उपलब्ध सुनिश्चित गर्ने नीति बमोजिम **प्रारम्भिक वाल विकास केन्द्रका सहजर्कता तथा विद्यालय कर्मचारीको पारिश्रमिक वापत रू ९० लाख बजेट** विनियोजन गरेको छु ।
- माध्यमिक तह कक्षा (९-१०) तथा आधारभूत तह कक्षा (६-८) मा **अंग्रेजी, गणित र विज्ञान** विषयको विषयगत शिक्षक दरबन्दीको कमीले शिक्षण सिकाई क्रियाकलापमा परेको बाधा अन्त्य गर्न अंग्रेजी, गणित र विज्ञान शिक्षण सहयोग अनुदानका लागि रू **५६ लाख ६३ हजार** बजेट विनियोजन गरेको छु ।
- **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** अन्तर्गत सामुदायिक विद्यालयका पुर्व प्राथमिक तहदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूको लागि अङ्ग्रेजी माध्यमका पाठ्यपुस्तक निःशुल्क वितरण गर्न **रू ६ लाख** बजेट विनियोजन गरेको छु ।
- विद्यालयमा प्राविधिक शिक्षा र प्रविधि मैत्री शिक्षालाई जोड दिन अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत माध्यमिक **विद्यालयमा कम्प्युटर शिक्षक तलव** अनुदानको लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- खेल्दै सिक्दै कार्यक्रमलाई सार्थकता दिन अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्रारम्भिक बाल विकास केन्द्रको कक्षा कोठा व्यवस्थापन तथा अध्ययन प्रणाली सुधार गर्न **रू ५ लाख** बजेट विनियोजन गरेको छु ।
- विद्यार्थीमा रहेको अन्तरनिहित क्षमता प्रस्फुटन गरी विद्यार्थीलाई सृजनात्मक र रचनात्मक बनाउने उदेश्यका साथ गाउँपालिका भित्रका विद्यार्थीहरूको बीचमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नको लागि **अध्यक्ष शैक्षिक सुधार अतिरिक्त क्रियाकलाप सञ्चालनको** अन्तर्गत **रू ५ लाख बजेट विनियोजन** गरेको छु ।

- विद्यार्थी संख्या भौगोलिक अवस्था, सामाजिक महत्व, प्रविधि र सामर्थ्यताको आधारमा मेघा स्कूल संचालनको आधार तयार गर्दै यातायातको व्यवस्थापनका लागि रू १७ लाख बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक विद्यालयका विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्न **रू १५ लाख ६८ हजार** बजेट विनियोजन गरेको छु ।
- विद्यार्थीहरूलाई सामुदायिक विद्यालयमा आकर्षण गरी बालपोषणको अवस्थामा सुधार **ल्याउन कक्षा १ देखि ५ सम्म** अध्ययन गर्ने विद्यार्थीहरूको लागि दिवा खाजा कार्यक्रमको लागि **रू ३३ लाख २ हजार** बजेट विनियोजन गरेको छु ।
- **शैक्षिक सुशानका लागि संस्थागत क्षमता विकास तथा विद्यार्थी परीक्षाण मुल्याङकन शिक्षक मेन्टरीङ तथा विद्यालय सुपरीवेक्षण** कार्यलाई व्यवस्थित र प्रभावकारी **बनाउन रू १० लाख ६ हजार** बजेट विनियोजन गरेको छु ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका गतिविधिहरू थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानमा रू २२ लाख ७५ हजार** बजेट विनियोजन गरेको छु ।
- प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्रीका लागि **रू २२ लाख ७५ हजार** बजेट विनियोजन गरेको छु ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण कायम गर्न विज्ञान प्रयोगशाला निर्माण तथा स्थापना, ICT ल्याव सञ्चालन तथा पुस्तकालय निर्माणका साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको **लागि रू ३४ लाख ५ हजार बजेट विनियोजन गरेको छु ।**
- सामुदायिक विद्यालयमा अध्ययनरत किशोरअवस्थाका छात्राहरूलाई महिनावारीका समयमा समेत नियमित विद्यालय उपस्थित गराउनक निशुल्क सेनिटरी प्याड वितरणको **लागि रू ५ लाख ९२ हजार बजेट विनियोजन गरेको छु ।**
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिको लागि **रू ३ लाख २ हजार** बजेट विनियोजन गरेको छु ।
- शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत गुरूकूल वेदविद्याश्रम माध्यमिक विद्यालय तथा पञ्चमूल सामुदायिक सिकाई केन्द्र र अन्धाअन्धी सामुदायिक सिकाई केन्द्रको लागि **रू २६ लाख** बजेट विनियोजन गरेको छु ।
- शिक्षामा नविन प्रविधिको प्रयोग गर्न सक्ने सक्षम सवल र प्रतिस्पर्धी तथा व्यवसायिक शिक्षक विद्यालय कर्मचारी तथा वाल विकास सहजकर्ता शिक्षकको क्षमता अभिवृद्धिका लागि **विभिन्न तहगत तालिम,विषयगत शिक्षक तालिम, वालविकास सजहकर्ता तथा विद्यालय कर्मचारी तालिम**

**लेखा शिक्षकलाई तालिम ICT /IEMIS जस्ता विभिन्न तालिम सञ्चालनको लागि रू ७ लाख बजेट विनियोजन गरेको छु ।**

- १२ वटा **विद्यालयमा साक्षरता कार्यक्रम (प्रारम्भिक तह पठन सिप विकास कार्यक्रम) तथा कक्षा कोठा व्यवस्थापन को लागि रू १५ लाख बजेट गरेको छु।**
- आँधीखोला भित्र रहेका सम्पुर्ण विद्यालयको विविध गतिविधि झल्कने **शैक्षिक वुलेटिन प्रकाशन गर्न रू १ लाख बजेट विनियोजन गरेको छु।**
- परम्परागत परीक्षा प्रणालीमा सुधार तथा आधारभुत तह कक्षा ५ ,८ र अन्य कक्षाको परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन **रू ४ लाख** बजेट विनियोजन गरेको छु ।
- **CTEVT मापदण्डवमोजिमको सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा** संचालन अनुदानका **लागि रू ७ लाख वजेट विनियोजन गरेको छु।**
- स्थानीय भाषा, धर्म, संस्कृति, रितिरिवाज, नैतिकता, उद्यमशीलता, भौगोलिक तथा ऐतिहासिक अवस्था श्रमको सम्मान, कानुनी विषय जस्ता विषयवस्तुको पठनपाठन गर्ने हेतुले **स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिएको र यो वर्ष स्थानीय पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनका लागि रू १५ लाख** विनियोजन गरेको छु ।
- शैक्षिक सुधारका विभिन्न विषयमा **प्रधानाध्यपकसँगको बैटक छलफल तथा अन्तर्क्रियाको लागि रू २ लाख** बजेट विनियोजन गरेको छु ।
- **विद्यालय समायोजन, एकीकरण तथा नक्साङ्कन, शिक्षक दरबन्दी व्यवस्थापन कक्षा थप घटको लागि कार्यक्रम सञ्चालनको लागि रू २ लाख** विनियोजन गरेको छु ।
- विद्यालयमा सञ्चालन हुने वार्षिक कार्यक्रमहरूलाई नियमित र प्रभावकारी बनाउन **शैक्षिक कार्यपात्रो निर्माणको लागि रू ३ लाख** विनियोजन गरेको छु।
- सकारात्म सोच, मैत्रीपूर्ण व्यवहार,श्रमको सम्मान,अनुशासन, नैतिकता, मर्यादा जस्ता मानवीय मूल्य मान्यता कायम गर्ने विषयमा उत्प्रेणा जगाउन **विद्यार्थीसँग विज्ञ कार्यक्रमको लागि रू २ लाख** विनियोजन गरेको छु ।
- विद्यालयको समग्र पक्षको विकासमा नेतृत्वदायी भुमिकामा रहेका **विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ**का पदाधिकारीको **क्षमता विकास तथा टोल शिक्षा अभिभावक शिक्षा कार्यक्रम शिक्षक विद्यार्थी क्षमता विकास कार्यक्रमका लागि रू ६लाख बजेट** विनियोजन गरेको छु ।
- **विपदको समयमा सिकाई निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना** कार्यक्रम सञ्चालन गर्नको **लागि रू ८ लाख** बजेट विनियोजन गरेको छु ।

- विद्यार्थीको खेल प्रतिभा विकासका लागि अन्तर विद्यालय खेलकूद कार्यक्रमको लागि **रू ५ लाख बजेट विनियोजन गरेको छु।**
- विद्यार्थीहरूको स्वास्थ्य प्रति ख्याल गर्दै स्थानीय तहमा उत्पादन हुने कोदो, मकै, गहुँ, जौ र आलु का परिकार बनाई दिवाखाजा खुवाउने जंकफुड रहित दिवा खाजा व्यवस्थापन विद्यार्थी पोषण कार्यक्रम **लागि रू २ लाख बजेट विनियोजन गरेको छु।**
- **उच्च शिक्षामा सबैको पहुँच अभिवृद्दि** गर्न हाल सञ्चालनमा रहेका क्याम्पसहरूलाई भौतिक तथा शैक्षिक सुदृढीकरणको लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु ।
- **विपन्न लक्षित छात्रवृतिका लागि छनौट भएका कक्षा ६-१२ मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृतिको लागि रू १ लाख ५१ हजार** बजेट विनियोजन गरेको छु ।
- **विद्यालयमा वालमैत्रि फर्निचर व्यवस्थापनका लागि रू ५ लाख** बजेट विनियोजन गरेको छु ।
- **विद्यालयमा शौचालय मर्मत संहारका लागि रू ३ लाख** बजेट विनियोजन गरेको छु ।
- **कमजोर विद्यार्थीका लागि सिकाई उपलब्धी हासिल गर्न उपचारात्मक कक्षा Remidal class संचालनका लागि रू ३ लाख** वजेट विनियोजन गरेको छु।
- **विद्यालय मर्मत सुधार घेरावार का लागि रू १० लाख** वजेट विनियोजन गरेको छु।
- **प्र अ को कार्य सम्पादन संझौता एंव प्र अ क्षमता विकास कार्यक्रमका लागी रू २ लाख** वजेट विनियोजन गरेको छु।
- **विद्यालयमा शैक्षिक सुधार गर्नका लागि विषयगत समिति क्रियाशिलता को लागि रू ५ लाख** वजेट विनियोजन गरेको छु।
- **विद्यालयहरूमा खेलकुद तथा संगितको विकासका लागि शिक्षक विद्यार्थी प्रतिभा विकास गर्न रू ५ लाख** वजेट विनियोजन गरेको छु।
- **प्राविधिक र व्यवसायिक सिप परीक्षणका लागि TVET सम्वन्धी तालिम संचालन व्यवस्थापनमा रू १ लाख** वजेट विनियोजन गरेको छु।
- **विद्यार्थी पढ्दै रमाउदै सिप सिक्दै कमाउदै विभिन्न व्यवसायिक सम्वन्धी सिप सिकाउन र ज्ञान दिलाउन रू १ लाख** वजेट विनियोजन गरेको छु।
- **वडा नं ४ अन्तर्गत शैक्षिक गुणस्तर विकासका लागि रू ५० हजार** वजेट विनियोजन गरेको छु।
- **वडा नं ६ स्थित विद्यालय भौतिक निर्माण तथा खेलकुद विकासका लागि रू २ लाख** वजेट विनियोजन गरेको छु।

आगामी आ.व .२०८१/०८२ का लागि उल्लेखित विविध कार्यक्रमहरूका साथ शिक्षा क्षेत्रको समग्र विकासका लागि कुल **रू १९ करोड ६९ लाख १२ हजार** बजेट विनियोजन गरेको छु ।

## *सामाजिक संरक्षण, जेष्ठ नागरिक, महिला तथा बालबालिका*

- आँधीखोला गाउँपालिकाकालाई **बालमैत्री** गाउँपालिका बनाउने नीति अन्तर्गत बालमैत्री स्थानीय कार्यक्रमको संचालन गर्न **रू ३० लाख** बजेट विनियोजन गरेको छु।
- जेष्ठ नागरिकले देश, समाजलाई पुर्याउनुभएको योगदानको उच्च मुल्यांकन गर्दै **जेष्ठ नागरिक सम्मान कार्यक्रमको** लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- महिला आयआर्जन तथा क्षमता विकास कार्यक्रमको लागि **रू २५ लाख** बजेट विनियोजन गरेको छु।
- दलित, जनजातिको उत्थान, विकास तथा सम्बर्धनको लागि **दलित जनजाति सचेतना कार्यक्रमको** लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला बालबालिकाको सहायता सामग्री वितरणको लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- गाउँपालिकाका भित्रका वृद्धवृद्धा, एकल महिला, अपाङ्ग, दलित बालबालिकालाई सामाजिक सुरक्षा वितरण गर्न नेपाल सरकारले तोके बमोजिमको बजेट व्यवस्था गरेको छु।
- जीवन स्तर अत्यन्त कमजोर भएका नागरिकको लागि सहयोगको लागि बजेट विनियोजन गरेको छु।
- गाउँपालिका भित्रका विपन्न तथा गरीब घरपरिवारको लागि तत्काल सहायतका लागि अन्य सामाजिक सहायता अन्तर्गत **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं २ मा महिला ,बालबालीका तथा अपाङ्ग क्षमता तथा उद्यमशीलता विकाश तालिमको लागि **रू. २ लाख बजेट विनियोजन गरेको** छु।
- वडा नं ४ मा लक्षित वर्ग (अपाङ्ग)कार्यक्रमको लागि **रू. ५० हजार बजेट विनियोजन गरेको** छु।
- स्थानीय बालमैत्री शासन सम्वर्द्धन कार्यक्रमको लागि **१ लाख बजेट विनियोजन गरेको** छु।
- वडा नं ५ मा महिला शसक्तीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रमको लागि **रू. ३ लाख बजेट विनियोजन गरेको** छु।
- बालमैत्री स्थानीय शासन बाल प्रवर्द्धन तथा बालमैत्री खेलकुद सामाग्री वितरण कार्यक्रमको लागि **२ लाख बजेट विनियोजन गरेको** छु।
- ज्येष्ठ नागरिक सम्मान लगायतका अन्य कार्यक्रम संचालनको लागि **२ लाख बजेट विनियोजन गरेको** छु।

## *सडक/ गोरेटो बाटो पूर्वाधार*

भौगोलिक आवद्धता कायम गर्न, कृषि तथा उद्योग व्यवसायको विकास गर्न, आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी सडक क्षेत्रमा बजेट विनियोजन गरेका छौं।

- गाउँपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत गाउँपालिकाको केन्द्र देखि सबै ६ वटै वडा कार्यालयहरूमा पुग्ने बाटो स्तरोन्नती तथा पिच गर्ने नीति अनुसार गाउँपालिकाको वडा नं. ४ जोड्ने सेपत भर्स्याङ बाङ्सिङ् पञ्चासे बाटोको लागि गरी **रू १ करोड २० लाख** बजेट विनियोजन गरेको छु।
- संघीय सरकारको साझेदारीमा गाउँपालिकाको समेत गरी जुग्ले गोगनपानी सडक निर्माणको लागि **रू २ करोड ५० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ३ स्थित फुलवारी-माझकटेरा सडक निर्माणको लागि संघीय सरकारको साझेदारीमा गाउँपालिकाको समेत गरी **रू ३ करोड** बजेट विनियोजन गरेको छु।
- पुवाडाँडा-कमेरेपानी-कार्कीनेटा सडक निर्माणको लागि प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाको समेत गरी **रू १ करोड** बजेट विनियोजन गरेको छु।
- वडा नं ५ स्थित आइतेखोला-सानिबराए मोटरबाटो स्तरोन्नति कार्यका लागि **रू २५ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ६ स्थित भगवती चोक देखि डिलाघर चौतारा सम्म सडक स्तरोन्नति कार्यका लागि **रू २० लाख** बजेट विनियोजन गरेको छु।
- आँधीखोला गाउँपालिका अन्तर्गतका निर्माण सम्पन्न पक्की (ढलान तथा कालोपत्रे) सडकको मर्मतको लागि **रू १० लाख बजेट** विनियोजन गरेको छु।
- गाउँपालिका भित्रका सडक संचालन तथा व्यवस्थापनको लागि **रू १० लाख बजेट** विनियोजन गरेको छु।
- सडक क्षेत्रको सौन्दर्य बढाउन सडक बत्ती तथा सडक सुरक्षा सामग्री तथा सडक सौन्दर्यीकरण कार्यको लागि **रू ५ लाख बजेट विनियोजन** गरेको छु।
- आहाल बरपिप्ले चिसाखोला सडक स्तरउन्नति कार्यको लागि  रू ३० लाख बजेट विनियोजन गरेको छु।
- बेत्यानी आँधीखोला पुल काफलटारी सडक  स्तरउन्नति कार्यको लागि  रू २० लाख बजेट विनियोजन गरेको छु।
- गाउँपालिका परिसर भित्र सडक स्तरउन्नती तथा घेरावार निर्माण कार्यको लागि  रू ३० लाख बजेट विनियोजन गरेको छु।

- गाबाटे पुलको मुख सडक स्तरोन्नति कार्यको लागि  रू १० लाख बजेट विनियोजन गरेको छु।
- खोरियाघर, सरस्वती मन्दिर हुँदै सम्धीखोला सडक निर्माण कार्यको लागि रू ७ लाख बजेट विनियोजन गरेको छु।
- धाङधुङ दोविल्ला सडक निर्माण कार्यको लागि रू ५ लाख बजेट विनियोजन गरेको छु।
- शिव मन्दिर ठूलीबराए सडक निर्माण कार्यको लागि  रू ४ लाख बजेट विनियोजन गरेको छु।
- कालीखोला थुम अन्धाअन्धी सडक स्तर उन्नति कार्यका लागि रू २० लाख बजेट विनियोजन गरेको छु।
- अर्घौंदी शिरूवारी दत्तेलोट डहरे सडक स्तरउन्नति कार्यका लागि रू १५ लाख बजेट विनियोजन गरेको छु।
- बाङसिङ देउराली रिमालस्वारा सडक स्तरउन्नति कार्यका लागि रू २० लाख बजेट विनियोजन गरेको छु।
- कमेरे पानी जुम्लीठाना खौला लाकुरी सडक लागि रू १० लाख बजेट विनियोजन गरेको छु।
- धारू भकिम्ले सडकका लागि रू १० लाख बजेट विनियोजन गरेको छु।

आँधीखोला गाउँपालिकाले आ व २०८१/०८२ को लागि सबै वडालाई दिएको सिलिङ अनुसार छनौट भई प्राप्त हुन आएका योजनाहरू देहाय अनुसार हुने गरी बजेट विनियोजन गरेको छु-

- **वडा नं १ अन्तर्गत**
  - छहरा खोला त्रिवेणी हुँदै डहरे पैदल मार्ग  निर्माणका **लागि रू २ लाख**
  - हेम्रोङ निम्रिखोला नार्नेखर्क सम्म गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
  - पानिगैरा गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
  - सिरसिरे आमा समुहको भवनमा जाने गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
  - माझकटेरी सामुदायिक भवन देखी ढाडा गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
  - पञ्चमूल कृषि सडक निर्माणका **लागि रू १० लाख**
  - मोटरबाटो सरसफाई,खानेपानी मर्मत,  तथा विपद व्यवस्थापन **लागि रू ६ लाख**
- **वडा नं २ अन्तर्गत**
  - वौरको खरवारी चौबाटो ढलान निर्माणका **लागि रू ५ लाख**
  - रातामाटा मोटरबाटो निर्माणका **लागि रू २ लाख ५० हजार**
  - धोविखोला कल्बर्ट निर्माणका **लागि रू २ लाख**
  - बैकुण्ठेबारी गोरेटोबाटो निर्माणका **लागि रू २ लाख**

- स्याउभाटा थुम्का गोरेटोबाटो निर्माणका **लागि रू २ लाख**
- थुम गोरेटोबाटो निर्माणका **लागि रू २ लाख**
- ग्रामिण सडक सरसफाईका लागि **रू ५ लाख**
- टिकाजा सम्धीखोलाबाट शाखा सडक निर्माणका लागि **रू ३ लाख**

➢ **वडा नं ३ अन्तर्गत**

- साउनेटारी माझकटेरा गोरेटोबाटो निर्माणका **लागि रू २ लाख**
- माझेपोखरीदेखी मुडुलो चौतारोसम्म मोटरबाटो निर्माणका **लागि रू २ लाख**
- बासेडाँडादेखी मोटरबाटोसम्म गोरेटोबाटो निर्माणका **लागि रू २ लाख**
- पत्यान माझेपोखरी गोरेटोबाटो मर्मत तथा निर्माणका **लागि रू २ लाख**
- सिम्ले मोटरबाटो निर्माणका **लागि रू २ लाख**
- गैराखेत मान्द्रेढुङ्गा ठाडोबाटोसम्म गोरेटोबाटो निर्माणका **लागि रू २ लाख**
- डोक्सेपानी खत्रीटोल शहिद मार्ग सडक योजना निर्माणका **लागि रू ३ लाख**
- तल्लो बारी मोटरबाटो देखी चौतारासम्म गोरेटोबाटो निर्माणका **लागि रू २ लाख**
- वडा भित्र सम्पूर्ण सडकहरूको सरसफाई कार्यक्रमका लागि **रू ३ लाख ६५ हजार**
- भुतेखोला बाटो तथा ट्रस निर्माणका **लागि रू ५ लाख**

➢ **वडा नं ४ अन्तर्गत**

- लौसिबोट टोल गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- अर्गादी खोला थुम्का माटी खन्ने गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- डाडाको पधेरो समिको रूख गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- वैडा नारीकोट रिमालस्वारा गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- सेपत अर्घादी कमेरे मोटर बाटो स्तर उन्नती निर्माणका **लागि रू ५ लाख**
- ग्रामिण सडक सरसफाईका लागि **रू ४ लाख**

➢ **वडा नं ५ अन्तर्गत**

- लप्सीखोला पुच्छारघर ग्रामीण सडक निर्माणका **लागि रू २ लाख ५० हजार**
- सेतिदोभान भित्री मोटर बाटो निर्माणका **लागि रू २ लाख**
- पुच्छारघरबाट सिरानघरसम्म गोरेटो बाटो डहरेमुनि गोरेटो बाटो निर्माणका **लागि रू ५ लाख**
- पोखरी खोलादेखि अजगन चौरसम्मको गोरेटो बाटो निर्माणका **लागि रू २ लाख ५० हजार**

- मोटर बाटो हुँदै सुनाटारी गोरेटो बाटो निर्माण र लाकुरी खानेपानी मर्मत योजनाका **लागि रू २ लाख**
- फलाटे कुवादेखी बुढाघर हुँदै चौरसम्मको गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- ग्रामिण सडक सरसफाईका लागि **रू ५ लाख**

➢ **वडा नं ६ अन्तर्गत**

- वरपिप्ले साङखोला गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- वि.क. टोल मोटरबाटो ढलान निर्माणका **लागि रू ५ लाख**
- अम्वोट तलमाथि मोटरबाटो ढलान निर्माणका **लागि रू ३ लाख**
- थुम्की मोटरबाटो निर्माण निर्माणका **लागि रू २ लाख**
- मैदान विनेतहरा लामघर गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- गहिरा भंगारी ठुलोछहरा मोटरबाटो निर्माणका **लागि रू २ लाख**
- कल्याणडाडा मोटरबाटो निर्माणका **लागि रू २ लाख**
- सम्धिखोला ठाडो गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- बगलेखोला ठाडो गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- पातिखोला मोटरबाटो तथा गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- फेदी चौतारा-सिम्ले पुल गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- ग्रामिण सडक सरसफाई तथा मर्मत संभारका लागि **रू ४ लाख**

***भवन***

➢ विपन्न नागरिकको आवासको हकको सुनिश्चितताको लागि विपन्न परिबारको आबास निर्माण तथा मर्मतको कामका लागी **रू ६ लाख बजेट** विनियोजन गरेको छु

➢ सेवा प्रवाहलाई थप छिटो छरितो र आधुनिक बनाउने नीति तथा कार्यक्रम अनुसार वडा नं ६ को वडा कार्यालय भवन निर्माणका लागि **रू १५ लाख** बजेट विनियोजन गरेको छु।

➢ सार्वजनिक शौचालय निर्माणको लागि **रू ६ लाख बजेट** विनियोजन गरेको छु।

➢ प्रशासकीय भवनमा निर्माणाधीन सभा हलको लागि लागि **रू १० लाख** बजेट विनियोजन गरेको छु।

➢ वडा नं १ पूर्णगाँउ स्थित शिव मन्दिर संरक्षणका लागि रू.२ लाख बजेट विनियोजन गरेको छु।

➢ विपन्न परिवारको लागि शैचालय सुधार कार्यक्रमका लागि रू.२ लाख बजेट विनियोजन गरेको छु।

- वडा नं २ स्थित शिवालय मन्दिर शौचालय निर्माणको लागि रू.२ लाख बजेट विनियोजन गरेको छु।
- हर्जामुनी सामुदायिक भवन र शौचालय निर्माणका लागि रू ३ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ४ स्थित ठुलाखेत प्रतिक्षालय निर्माणका लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- कोठी मुलावारी टोल प्रतिक्षालय तथा धारो निर्माणका लागि रू ३ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ५ स्थित स्मृति आमा समूह भवन घेराबार का लागि रू २ लाख बजेट विनियोजन गरेको छु।

## *खानेपानी*

आधारभूत खानेपानी सबै बस्तीमा पुर्याउन एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिएका छौं। गाउँपालिका भित्र सबै जनताको घरमा आधारभूत खानेपानी पुर्याउने गरी गाउँपालिकाले संघीय सरकार र प्रदेश सरकारको साझेदारीको साथमा आयोजना सञ्चालन गर्ने गरी एक घर एक धाराको नीति अनुरूप बजेटमा व्यवस्था गरेको छ।

- जनताको आवश्यकता अनुसार मागको आधारमा खानेपानीको लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं १ मा फलाटे खानेपानी मर्मत**का लागि रू २ लाख** बजेट विनियोजन गरेको छु।
- ज्याम्दे खानेपानी योजना मर्मत**का लागि रू २ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं २ सहेली खानेपानी मर्मतका **लागि रू २ लाख** बजेट विनियोजन गरेको छु।
- खाडी पात्लाको खानेपानी मर्मत**का लागि रू २ लाख** बजेट विनियोजन गरेको छु।
- ठुलाटिपीको पधेरो निर्माणका **लागि रू २ लाख ५० हजार** बजेट विनियोजन गरेको छु।
- वडा नं ३ स्थित जुकेखोला धाङधुङ दोविल्ला खानेपानी योजनाका **लागि रू २ लाख** बजेट विनियोजन गरेको छु।
- भिरकटेरी खोरियाघर खानेपानी योजनाका **लागि रू २ लाख** बजेट विनियोजन गरेको छु।
- भुतेखोला मुहानदेखी मजुवा पुवाडाँडा खानेपानी योजनाका **लागि रू २ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ३ स्थित पुवाँडाँडा शिव मन्दिर निर्माणको लागि **रू.२ लाख बजेट विनियोजन** गरेको छु।

- वडा नं ४ मा कमेरे सिमलचौर खानेपानी मर्मत को लागि **रू. २ लाख बजेट विनियोजन** गरेको छु।
- गुईचे मान्द्रे ढुङ्गा खानेपानी मर्मतका लागि **रू. २ लाख बजेट विनियोजन** गरेको छु।
- देउराली टोल खानेपानी मर्मतका लागि **रू. २ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ५ स्थित काउले निस्ती खानेपानी मर्मत योजनाको लागि **रू. २ लाख बजेट विनियोजन** गरेको छु।
- वडा नं ५ मा मागको आधारमा खानेपानीको लागि **रू २ लाख बजेट विनियोजन** गरेको छु।

## *सिँचाई*

- सिँचाइ नपुगेका खेतहरूमा जनताको आवश्यकता अनुसार मागमा आधारित सिँचाइको लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं. ५ स्थित घाँगे कुलो निर्माणको लागि **रू. २ लाख बजेट विनियोजन** गरेको छु।
- मागमा आधारित सिँचाईको लागि **रू. १ लाख २५ हजार बजेट विनियोजन** गरेको छु।

## *ऊर्जा*

उज्यालो आँधीखोलाको संकल्प पूरा गर्न नवीकरणिय ऊर्जाको प्रयोगमा जोड दिइने छ ।

- गाउँपालिका भित्र रहेको बिद्युत प्रसारण लाइनलाई व्यवस्थित गर्न विद्युत सुधार कार्यक्रमको लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- बैकल्पिक उर्जा तथा सोलार बत्ति जडानका लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।

## *जलाधार संरक्षण, वन , वातावरण ,सरसफाइ तथा फोहोर मैला व्यवस्थापन*

पारिस्थितिक प्रणालीको संरक्षण गर्दै जैविक विविधता कायम राख्न बजेटमा व्यवस्था गरेको छ।

- पानीको स्रोतको दिगोपनको लागि पुराना कुवा मुहान तथा पोखरीहरूको मर्मत सम्भार एवम् संरक्षण गर्नुको साथै पोखरी तथा कुवा पुनर्भरण र चौतारी संरक्षणको लागि **रू ५ लाख बजेट** विनियोजन गरेको छु।
- **स्वच्छ आँधीखोला गाउँपालिका निर्माण अभियान अन्तर्गत** फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- टोल बिकास संस्थालाई कुहिने र नकुहिने फोहोर बिसर्जनका लागि कार्यक्रम संचालन गर्न **रू ३ लाख** बजेट विनियोजन गरेको छु।
- **सार्बजनिक जग्गा र सामुदायिक बन क्षेत्रमा माटो सुहाउदो फलफुलका बिरूवा रोपण कार्य** गर्नका लागि **रू १ लाख** बजेट विनियोजन गरेको छु।

- जलवायु अनुकुलन सम्बन्धी अनुशिक्षण अभिवृद्धि कार्यक्रम संचालनको लागि **रू १ लाख बजेट विनियोजन** गरेको छ।
- खर्किन्डाँडा प्रतिक्षालय निर्माण तथा चौतारो संरक्षण योजनाको लागि **रू २ लाख बजेट विनियोजन** गरेको छ।

## *खेलकुद*

**स्वच्छ जीवनको लागि खेलकुद** भन्ने अभियान अन्तर्गत खेलले खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरव बढाउने अभिप्रायका साथ खेलकुद क्षेत्रको विकासका लागि बजेटमा व्यवस्था गरेको छ।

- जहाँ युबा त्यहाँ खेलकुद भन्ने मूल उद्घोषका साथ युवाहरूको शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकारात्मक सोचको विकास गर्ने अभिप्राय स्वरूप खेल खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरव बढाउन खेल मैदान निर्माणको लागि **रू ५ लाख** विनियोजन गरेको छ।
- अध्यक्ष कप रनिङ शिल्ड प्रतियोगिता तथा विविध सांस्कृतिक कार्यक्रमको लागि **रू २५ लाख** बजेट विनियोजन गरेको छ।

## *अन्य पूर्वाधार*

- भैपरी आउने पुँजीगत खर्च तथा पूर्वाधार निर्माण गर्न **रू ७५ लाख** बजेट विनियोजन गरेको छ।
- समपूरक कोषको लागि **रू २ करोड** बजेट विनियोजन गरेको छ।
- निर्माण सामग्री प्रयोगशाला (सिभिल ल्याव स्थापना)को लागि **रू १० लाख** बजेट विनियोजन गरेको छ।
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत **रू ५० लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं १ स्थित महभिर टोलको विच खोला संरक्षण र रेलिङ निर्माणको लागि **रू २ लाख** बजेट विनियोजन गरेको छ।
- चौकीखोला संरक्षण योजना**का लागि रू २ लाख** बजेट विनियोजन गरेको छ।

## *कानुन*

- मेलमिलापको माध्यमबाट सामाजिक एकतामा जोड दिने संयन्त्रको रूपमा रहेको आँधीखोला गाउँपालिकाको न्यायिक समितिको प्रभावकारीता बढाउन मेमिलापकर्ताहरूको अभिमुखीकरण

तालिम कार्यक्रम, न्यायिक समिति सचिवालय संचालन, स्थानीय तह न्यायिक समिति संस्थागत विकास, कानुनी परामर्श, मेलमिलाप केन्द्र व्यवस्थापन,अनुगमन तथा सहजीकरण कार्यक्रम को लागि **रू १८ लाख** बजेट विनियोजन गरेको छु।

## *संस्कृति*

- ऐतिहासिक चाड पर्व ,मेला महोत्सव ,पूजा पाठ, खेलकुद तथा सांस्कृतिक कार्यक्रम जोगाउन लगायत संस्कृति कार्यक्रम चाडपर्व ,मेला महोत्सव ,दिवसको संरक्षण तथा सम्बर्धनको लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- परम्परागत भाषा कला, संस्कृति संवर्धन तथा संरक्षणको लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ६ स्थित भुद्रुमपोला पर्यटकीय साँस्कृतिक समाजघर निर्माणको लागि रू ४० लाख बजेट विनियोजन गरेको छु ।

## *सहकारी*

सहकारी सँगको समन्वय,सहकारी संस्थाहरूको दायित्व काम कर्तव्य तथा स्थानीय सरकारको नीतिमा समावेश गराउन सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई अभिमुखीकरण तालिम तथा सहकारी शाखा व्यवस्थापनको लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।

## *सामाजिक सुरक्षा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण*

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण जन्म,मृत्यु तथा वसाइसराइ कार्यक्रमलाई थप व्यवस्थित गर्न परिचय पत्र वितरण, अभिलेख अद्यावधिक, शिविर र प्रचारप्रसार, अनुगमनका लागि रू ४ लाख बजेट विनियोजन गरेको छु।
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको दर्ता नविकरण  घुम्ती शिविर कार्यक्रमको लागि रू ३ लाख बजेट विनियोजन गरेको छु।

## *विपत् व्यवस्थापन*

- प्राकृतिक प्रकोपको कारण हुन सक्ने क्षति को न्युनिकरण लागि उद्धार ,राहत,पुर्ननिर्माण व्यवस्थापन गर्न विपत् व्यवस्थापनको लागि **रू २० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं २ मा विपत व्यवस्थापन तथा मर्मत संम्भार को लागि **रू. २ लाख बजेट** विनियोजन गरेको छु।
- वडा नं ४ मा विपद व्यवस्थापन तथा मर्मत सम्भार को लागि रू. १ लाख **बजेट** विनियोजन गरेको छु।

- वडा नं ४ मा पञ्चासे आवि को पहिरो रोकथाम गर्न रू. ३ लाख ५० हजार **बजेट** विनियोजन गरेको छु।

## *कार्यालय सञ्चालन, सार्वजनिक सेवा प्रवाह एवम् संस्थागत विकास*

- सार्वजनिक सेवा प्रवाहलाई चुष्त दुरूस्त प्रविधि मैत्री बनाउनको लागि कर्मचारीलाई तालिम प्रदान गरिनेछ । आँधीखोला गाउँपालिकामा कार्यरत अनुशासित, इमान्दार र दक्ष करार सेवाका कर्मचारीहरूको आर्थिक वर्ष २०८१।०८२ मा सेवामा आवश्यकताका आधारमा निरन्तरता कायम गर्ने व्यवस्था मिलाईनेछ। साथै भविष्यमा समेत सेवा वर्ष तथा दक्षताको आधारमा उनीहरूको प्रोत्साहनको विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ । छात्रवृत्ति , मिलापत्र, आर्थिक सहायता,अपाङ्ग परिचयपत्र एवम् अघिल्लो आर्थिक वर्षमा निःशुल्क रूपमा प्रदान गरेको सेवालाई निरन्तरता दिइएको छ ।
- उपभोक्ता समिति मार्फत गरिने कामको थप प्रभावकारिताको लागि उपभोक्ता समिति क्षमता अभिवृद्धि तालिम एवम् अनुदानको लागि **रू ७ लाख** विनियोजन गरेको छु।
- घर सूचिकरण अभियान अन्तर्गत राजस्व संकलन अभियान कार्यकर्मको लागि **रू ५ लाख** विनियोजन गरेको छु।
- सामुदायिक वन व्यवस्थापन अभिमुखीकरणको लागि **२ लाख** बजेट विनियोजन गरेको छु।

## *सूचना तथा संचार प्रविधी*

- गाउँपालिकाको विभिन्न वडामा फ्री वाईफाई जोनको व्यवस्था गर्नको लागि **रू २ लाख** विनियोजन गरेको छु।
- विद्युत आपूर्ति नभएको समयमा समेत सेवा प्रवाह गर्न वडा कार्यालय र स्वास्थ्य संस्थामा सोलार पावर ब्याकअप जडानका लागि **रू १५ लाख बजेट विनियोजन** गरेको छु।
- गाउँपालिका र वडा कार्यालयमा अर्थिङ गर्नको लागि **रू २० लाख बजेट विनियोजन** गरेको छु।
- वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र जडानको **रू २० लाख बजेट विनियोजन** गरेको छु।
- गाउँपालिका भित्रका सम्पूर्ण क्षेत्रको नक्सा किताब (MAP Book) निर्माण तथा छपाईका लागि **रू ४ लाख बजेट विनियोजन** गरेको छु ।

## *कर्मचारी प्रशासन*

कर्मचारी पारिश्रमिक, तलव तथा अन्य भत्ता, पदाधिकारी सुविधा भत्ता, कार्यालयमा सेवा प्रवाहमा आवश्यक गर्ने विविध विषयसँग सम्बन्धीत कार्यालय सञ्चालन तथा कार्यक्रम खर्च , वडा कार्यालय सञ्चालन खर्च, पालिका अन्तर्गतका विभिन्न विषयगत शाखा तथा कार्यालय सञ्चालन खर्च, आर्थिक सहायता , ढुवानी, सञ्चार, इन्धन, अन्य सेवा शुल्क, सञ्चालित सामग्री एवम् मेसिनरी समान मर्मत , अनुगमन मुल्यांकन, भ्रमण, पुस्तक पत्रपत्रिका , छपाइ अभिमुखीकरण तालिम, विविध खर्च, सेवा परामर्श खर्च र गाउँपालिका तथा अन्य प्रशासनिक खर्चको लागि **रू ७ करोड २२ लाख** बजेट विनियोजन गरेको छु।

- कर्मचारीको मनोबल उच्च पार्ने नीति लाई साकार पार्न सेवाप्रति लगनशील, जिम्मेवार, उत्तरदायी र कर्तव्य निष्ठ बनाउन कर्मचारी सम्मान कार्यक्रम अन्तर्गत **रू ३ लाख विनियोजन** गरेको छु।

- जनप्रतिनिधि र कर्मचारीका लागि तालिम सेमिनार गोष्ठि लगायत क्षमता विकासका कार्यक्रम, सकारात्मक सोच सिकाई सम्बन्धी कार्यक्रम अन्तर्गत **रू ५ लाख विनियोजन** गरेको छु।
- आँधीखोला गाउँपालिका कार्यालय र पालिका अन्तर्गतका कार्यालयहरूको सेवा प्रवाहलाई चुस्त पारदर्शी एवं जवाफदेही बनाउन घुम्ती सेवा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण,सार्वजनिक परीक्षण लगायत अन्य सेवाग्राहीमैत्री कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रमका लागी **रू ४ लाख** , एकीकृत घुम्ति शिविरको लागी **रू ५ लाख** र सार्वजनिक परिक्षणको लागि **रू ४ लाख** गरी कुल **१३ लाख** बजेट विनियोजन गरेको छु।

- टोल विकास संस्थाका पदाधिकारीको क्षमता एवं नेतृत्व विकासका अवसर सिर्जना र टोल बिकास संस्थाको संस्थागत विकासका लागि **रू ३ लाख बजेट विनियोजन** गरेको छु।
- आर्थिक प्रशासन शाखा , योजना शाखा , राजश्व शाखा लगायत अन्य शाखा आधुनिक प्रविधि सहितको सफ्टवेयर प्रणालीबाट सञ्चालन गरेकोमा त्यसको लागि कर्मचारीलाई पुनर्ताजगी तालिम दिन बजेटमा व्यवस्था गरेको छ ।

- तेह्रौं र चौधौं गाउँसभाद्वारा आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत भएको बजेट तथा कार्यक्रम र कार्यपालिकाको बैठकबाट छनौट गरी कार्यान्वयन भएका सवै योजना तथा कार्यक्रमहरू, कर्मचारी तथा पदाधिकारीको सम्पूर्ण सेवा सुविधा बापतको खर्च रकम समेत यस पन्ध्रौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृतको लागि प्रस्ताव पेश गरेको छु।

➢ विभिन्न आकस्मिक तथा भैपरी आउने पूँजीगत खर्च, विपत् व्यवस्थापन खर्च तथा प्रकोप व्यवस्थापन कोषबाट भएको सम्पूर्ण खर्च यसै पन्ध्रौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृतका लागि प्रस्ताव पेश गरेको छु।

## आर्थिक ऐन र विनियोजन ऐन

➢ आँधीखोला गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निम्ति स्थानीय कर दस्तुर, शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा -२२८ को उपधारा २ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी यस गाउँसभा समक्ष **आर्थिक विधेयक** र सोका अनुसूचीहरू स्वीकृतका लागि यसै साथ पेश गरेको छु।

➢ आँधीखोला गाउँपालिका, स्याङ्जाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कार्यपालिकाबाट स्वीकृत **विनियोजन विधेयक** यसै साथ सम्लग्न गरी स्वीकृतिका लागि पेश गरेको छु।

➢ प्रस्तावित आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने आयोजन तथा कार्यक्रमको विस्तृत विवरण वार्षिक विकास कार्यक्रम अनूसूचीहरूमा उल्लेख गरेको छु।

यस सम्मानित पन्ध्रौं सभाका समाध्यक्ष महोदय, सभाका सचिवज्यू, सभासद ज्यूहरु कर्मचारी एवम् पत्रकार मित्र आम समुदाय लगायत हामीलाई प्रत्यक्ष प्रसारण मार्फत हेरी रहनु र सुनिरहनु हुने सम्पूर्ण महानुभावहरु;

आँधीखोला गाँउपालिकाका पन्ध्रौं सभाको पहिलो बैठकबाट पारित नीति मूर्तरुप प्रदान गर्न हामिले उच्चतम मितव्ययिता लाई आत्मसाथ गर्दै आ.व. २०८१/०८२ को आय/व्यय अनुमानित बजेट समग्र आर्थिक परिवेश र आँधीखोलाको आवश्यकतामा आधारीत भई नीति तथा कार्यक्रममा प्राथमिकतामा रहेका कृषि, शिक्षा, स्वास्थ्य र स्वरोजगारीका क्षेत्रलाई प्राथमिकतामा राख्दै बजेट विनियोजन भएको छ। भौतिक पूर्वाधारमा उल्लेखनीय प्रगति गरिएको साथै कृषि, स्वास्थ्य, शिक्षा र स्वरोजगारीका सुचकाङ्कहरु पनि क्रमश प्रगति उन्मूख रहेका छन्। प्रस्तुत बजेट कार्यान्वयन पश्चात समग्र नागरिकको आर्थिक, सामाजिक जिवन, अभिवृद्धि गर्दै गुणस्तरिय शिक्षा स्वास्थ्य र रोजगारीमा अभिवृद्धि गर्न सबै नागरिकले राज्यबाट सामाजिक सुरक्षा एवम संरक्षण तथा समावेशी विकास प्रक्रिया अवलम्बन गर्ने र

स्वस्थ शिक्षीत, समून्नत सुसस्कृति र न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा लिएको छु ।

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान २०७२ जारी भई संविधानाने प्रत्याभूत गरेको संवैधानिक अधिकार अंगीकार गर्दै, स्थानीय सरकारले सम्पादन गर्नुपर्ने अधिकार र कर्तव्यको बीचमा आर्थिक तथा सामाजिक विकासको जगमा उभिंदै सम्वृद्ध आँधीखोला, सुखी आँधीखोला वासीको आकाक्षां हाँसिल गर्ने ईमान्दारिता र उत्साहका साथ लाग्न हामी प्रतिवद्ध छौं। हामीलाई निरन्तर साथ सहयोग, सल्लाह, सुझाव र हौसला प्रदान गर्नुहुने सबै राजनीतिक दल, सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु, संघीय/ प्रदेश माननिय ज्यू, सामाजिक संघ संस्था, निजी क्षेत्र, संचार जगत, सुरक्षाकर्मी, स्वदेश तथा विदेशमा रहेनु हुने आम यूवा समूदाय, लगायत सम्पूर्ण महानुभाव प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा पनि यस्तै सहयोग, राय, सल्लाह र सूझावको अपेक्षा राखेका छौ।

आर्थिक परिस्थितिको कारण राजस्वमा कमी, गाउँपालिकाको अनुमानित आय एवम् राजश्व प्राप्त हुन नसकेको खण्डमा योजना तथा कार्यक्रम आगामी आर्थिक वर्ष कार्यान्वयन एवम् स्रोत सुनिश्चितता गर्न नसकेमा त्यस्ता आयोजनाहरू आगामी आर्थिक वर्ष २०८२/०८३ मा क्रमश कार्यान्वयन गरिनेछ।

संवैधानिक अधिकार र यसै बजेटको परिधिभित्र रहेर आ.व. २०८१/०८२ का योजनाहरू संचालन हुनेछन्। पूर्वाधार तर्फका योजनाहरू फाल्गुन मसान्तसम्म र अन्य कार्यक्रमहरू जेष्ठ मसान्तसम्म कार्यान्वयन भै सक्नपर्ने सवल पक्षलाई यस आ.व. मा समेत लागू गर्ने नीतिगत व्यवस्था गरिएको छ। यसले समग्र गाउँपालिकाको भौतिक पूर्वाधार लगायत आर्थिक सामाजिक क्षेत्रको समग्र विकासमा विगत वर्ष झैं सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा गरेको छु। यस गाउँपालिकाको बजेट तयारीको क्रममा विभिन्न चरणहरूमा आ-आफ्नो स्थानबाट मार्गदर्शन दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक संघ संस्था, टोल विकास संस्था लगायतका सामाजिक सञ्जालबाट समेत महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी सहभागितात्मक योजना तर्जुमाको सुरुवात सँगै आजको यस समारोहलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्याउनुहुने गाउँपालिकाका श्रद्धेय अध्यक्ष ज्यू, पूर्व जनप्रतिनिधी एवं बहालवाला जनप्रतिनिधी ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू एवं सम्पूर्ण आँधीखोलावासीहरूमा धन्यवाद प्रकट गर्न चाहन्छु । प्रस्तुत योजना तथा कार्यक्रम आँधीखोला गाउँपालिकाको एक महत्वपूर्ण कोशे ढुङ्गाको रूपमा रहनेछ र यसको सफल कार्यान्वयनमा सबै पक्षहरूबाट विगत वर्षको झैं रचनात्मक सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राखेको छु।

अन्त्यमा, मुलुकभित्र र बाहिर रहनु भएका, गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण सुनिरहनुभएका आँधीखोलावासी तथा नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाइ लगायत सम्पूर्णमा सवल, समृद्ध र न्यायपूर्ण आँधीखोला निर्माणमा योगदान गर्न अनुरोधका साथ विदा हुन चाहन्छु ।

**धन्यवाद नमस्कार**

**जय आँधीखोला**

**जय आँधीखोला वासी !!**

*सीता थापा*

*उपाध्यक्ष*

*मितिः २०८१ असार ९ गते*